# खार्पूनाथ गाँउपालिका

# स्थानीय अनुकूलन कार्ययोजना

# २०७९

खार्पूनाथ गाँउपालिका

याङ्चुबगर, हुम्ला

**सर्वाधिकार** © खार्पूनाथ गाँउपालिका, हुम्ला

**योजनाको नाम** : स्थानीय अनुकूलन कार्ययोजना

**तयार गरिएको वर्ष** : २०७९

**तयार गर्ने** : खार्पूनाथ गाँउपालिका, हुम्ला

**आर्थिक सहयोग :**

मट म्याक डोनाल्ड, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ (NCCSP2)

**सहजिकरण :**

माउण्टेन रिसर्च एण्ड डेभलपमेन्ट फाउण्डेशन प्रा. लि.

Mounatin Research and Development Foundation Pvt. Ltd. (MRDF)

काठमाण्डौ २, बालुवाटार



कर्ण बहादुर रावल
अध्यक्ष

**खार्पूनाथ गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**याङ्चुबगर, हुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

आ.व. २०७९/८०
च.न.

जलवायु परिवर्तन र यसले पार्ने प्रभाव विश्वव्यापी चुनौतिको रुपमा रहेको छ। हाम्रो समाजमा रहेको गरिवी र सामाजिक असमानतालाई जलवायु परिवर्तनले झनै बढावा दिएको छ। खडेरी, अनियमित बर्षा र अत्याधिक एवं पटक पटक आउने पहिरो, बाढी, हुरी बतास, खडेरी जस्ता सबै प्रकारका प्रकोपहरुले गर्दा गरिव तथा विपन्नवर्गको जीविकोपार्जनमा असर पारिरहेको छ । परिवर्तित जलवायुले ल्याएको असरहरुले विकासका कार्यक्रमहरुलाई समेत प्रत्यक्ष रुपमा असर पारेको अनुभव गरिएको छ । पहिरो, बाढी , रोगकिरा, खडेरी, आगलागी हुरीवतास र महामारी यस गाँउपालिकामा देखिएका मुख्य प्रकोपहरु हुन । यस्ता प्राकृतिक तथा मानवीय प्रकोपहरुले यस गाँउपालिका अन्तर्गतका स्थानीय बासिन्दाहरुलाई दिन प्रतिदिन असर पार्दै आईरहेको छ । यहाँको मुख्य पेशा कृषि तथा पशुपालन हो जुन शतप्रतिशत जलवायुसंग जोडिएको छ । यहाँका सम्पुर्ण घरधुरीहरु विपद् जोखीम तथा जलवायु परिवर्तनको असरबाट दिन प्रतिदिन प्रभावित भईरहेको सन्दर्भलाई मध्य नजर गरि नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ को आर्थिक सहयोगमा माउन्टेन रिसर्च एन्ड डेभलपमेन्ट फाउन्डेसन प्रा.लि. को प्राबिधिक सहयोग र सहजीकरणमा खार्पूनाथ गाँउपालिकाले स्थानीय अनुकलन कार्ययोजना २०७९ तयार गरेको छ । यो कार्ययोजना स्थानीय अनुकूलन योजनाको राष्ट्रिय संरचना २०७६ तथा जलवायु परिवर्तन नीति २०७६ अनुरुप तयार गरिएको छ । यस योजनामा विपद् तथा जलवायु जोखिमहरुलाई पहिचान गरी व्यवस्थापन गर्नको लागि आगामी ५ वर्षको विस्तृत कार्ययोजना तर्जुमा गरिएको छ । यस योजनालाई गाँउपालिकाको नियमित योजना तर्जुमा प्रक्रियामा समायोजन गरी सम्बन्धित सबै सरोकारवालाहरुको सहयोग, समन्वय तथा सहकार्यमा कार्यान्वयन गरिनेछ ।

यस योजनाको प्रभावकारी कार्यान्वयन प्रक्रियामा स्थानीय श्रोत साधन परिचालन गर्न गाँउपालिका सदैव सक्रिय रहने प्रतिबद्धताका साथै आवश्यकता अनुसार सम्बन्धित सबै सरोकारवालाहरुको विभिन्न श्रोतहरुको उपलब्धतासँगै अझ सक्रिय सहयोग तथा सहकार्यको अपेक्षा गर्दछौं । साथै यो योजना निर्माण गर्न सहयोग गर्नु हुने सबै प्रति हार्दिक कृतज्ञताका साथ धन्यबाद ज्ञापन गर्दछु ।

..............................

कर्णबहादुर रावल

गाँउपालिका अध्यक्ष





कर्ण बहादुर रावल
अध्यक्ष

**खार्पूनाथ गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**याङ्चुबगर, हुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

आ.व. २०७९/८०
च.न.

जलवायु परिवर्तन र यसले श्रृजना गरेका घटनाक्रमहरु विश्वव्यापी चुनौतिको रुपमा देखा परिरहेको छ । अनियमित वर्षा, पहिरो, बाढी, हुरीबतास, खडेरी जस्ता प्रकोपहरुले गर्दा गरिब तथा विपन्न वर्गको जीविकोपार्जनमा थप असर पारिहेको छ । परिवर्तित जलवायुले ल्याएको असरहरुले विकासका कार्यक्रमहरुलाई समेत प्रत्यक्ष रुपमा असर पारेको अनुभव गरिएको छ । पहिरो, बाढी, खडेरी, कृषिमा रोगकिरा, आगलागी, मानव रोग, आदी यस गाँउपालिकामा देखिएका मुख्य प्रकोपहरु हुन । यस गाँउपालिकाको मुख्य पेशा कृषि हो जुन शत प्रतिशत जलवायुसंग जोडिएको छ । जलवायु परिवर्तन तथा विपद् जोखीमको असरबाट दिन प्रतिदिन प्रभावित भईरहेको सन्दर्भलाई मध्य नजर गरि माउन्टेन रिसर्च एन्ड डेभलपमेन्ट फाउन्डेसन प्रा.लि. को सहजीकरणमा गाँउपालिकाका जनप्रतिनिधिहरु, कार्यपालिका सदस्यहरु, र सरोकारवालाहरुको  अगुवाईमा जलवायु जोखिमता तथा क्षमता विश्लेषण गरि सोको आधारमा समुदायमा आधारित स्थानीय अनुकूलन योजना तयार गरिएको हो । यसरी पहिचान भएका प्रकोपहरुलाई अनुकूलन गर्न आगामी ५ वर्षको लागि विस्तृत कार्ययोजना तर्जुमा गरिएको छ । स्थानीय जलवायु परिर्वतन अनुकूलन योजना कार्यान्वयनको लागि आवश्यक पर्ने सहयोग प्राप्त गर्न सकिने सरोकारवालाहरुको पहिचान समेत गरिएको छ ।

जलवायु परिवर्तन अनुकूलन योजना तयारीमा सहजीकरण गर्ने माउन्टेन रिसर्च एन्ड डेभलपमेन्ट फाउन्डेसन प्रा.लि.का सहजकर्ताहरुलाई धन्यवाद दिन चाहन्छु । अन्तमा यस अनुकूलन योजना कार्यान्वयनमा आर्थिक तथा प्रविधिक सहयोग गर्नका लागि सबै पक्षसँग खार्पूनाथ गाँउपालिका हार्दिक अनुरोध गर्दछ । धन्यवाद ।

..................................

विष्णु बहादुर शाही

प्रमुख प्रशासकीय अधिकृत



कर्ण बहादुर रावल
अध्यक्ष

## स्थानीय अनुकूलन कार्ययोजनाको सारांश

### पृष्ठभूमि

जलवायु परिवर्तन र यसका प्रतिकुल प्रभावहरु समग्र विश्वकै लागि साझा चुनौतीको रुपमा अगाडि आइरहेको वर्तमान परिप्रेक्ष्यमा नेपाल सरकारले यसबाट श्रृजित तथा भविष्यमा श्रृजना हुन सक्ने प्रतिकुल प्रभावहरुसँग अनुकूलित हुन जलवायु परिवर्तन नीति २०७६, जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) २०६७ एवं परीमार्जीत स्थानीय अनुकूलन योजनाको राष्ट्रिय संरचना २०७६, राष्ट्रिय अनुकूलन कार्यक्रम २०७८ तयार गरी राष्ट्रिय र स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलनका कार्यहरुलाई प्राथमिकता दिँदै आइरहेको छ ।

वन तथा वातावरण मन्त्रालयको पछिल्लो प्रतिवेदन (Vulnerability and Risk Assessment and Identifying Adaptation Options, MoFE, 2021) अनुसार जलवायु परिवर्तन संकटासन्नता स्तरीकरणमा बाजुरा जिल्ला अति उच्च संकटासन्न स्तरमा रहेको छ । प्रतिवेदन अनुसार बाजुरा जिल्लालाई पहिरोजन्य जोखिमको अति उच्च संकटासन्न जिल्लाको रुपमा पहिचान गरिएको छ भने खडेरीको समेत उच्च जोखिममा रहेको छ। बाजुरा जिल्ला जलवायु परिवर्तनको असरबाट अनुकुलित हुन कम क्षमता भएको जिल्लामा रहेको देखिन्छ ।

यसै सन्दर्भमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ (Nepal Climate Change Support Programme-2) ले स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलनका कार्यहरुलाई योजनाबद्ध रुपले अगाडि बढाउन स्थानीय अनुकूलन कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सहजीकरण गरीरहेको छ ।समुदायको अनुकूलन क्षमता अभिबृद्धि गर्न र उत्थानशील विकासका लागि खार्पूनाथ गाँउपालिकाको स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ । स्थानीय अनुकूलन कार्ययोजना तयारीको लागि नेपाल सरकारबाट स्वीकृत भएको परीमार्जीत स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०७६ (लापा फ्रेमवर्क) अनुसारका विधि तथा प्रक्रियाहरुको अवलम्बन गरिएको छ ।

स्थानीय अनुकूलन कार्ययोजना तयारीका क्रममा यस गाँउपालिकाका निर्वाचित जनप्रतिनिधी, शिक्षक, समाजसेवी, राजनैतिक दलहरुका प्रतिनिधी, गाँउपालिकाका कर्मचारी, गरिब, महिला, दलित, जनजाति तथा पछाडी परेका वर्ग र अन्य बुद्धिजीविहरुको प्रत्यक्ष एवं सक्रिय सहभागिता रहेको थियो । पाँच वर्षका लागी तयार गरिएको स्थानीय अनुकूलन कार्ययोजनामा गाँउपालिकाको विधमान सामाजिक, मानविय, आर्थिक, प्राकृतिक, भौतिक तथा सामुदायिक श्रोतहरु र जलवायु परिवर्तनबाट श्रृजित प्रतिकुल प्रभावहरु र प्रकोपहरुको पहिचान तथा लेखाजोखा गर्दै गाँउपालिका र वडाहरुको जलवायु परिवर्तन संकटासन्नता तथा अनुकूलन क्षमता मुल्यांकन गरिएको थियो । सोही मुल्यांकनको आधारमा उच्च अनुकूलन क्षमताको परिकल्पना गर्दै प्रभावकारी अनुकूलन कार्यहरुको पहिचान तथा प्राथमिकीकरण गरी यो कार्ययोजना तयार भएको छ ।

### गाँउपालिकाको सामान्य जानकारी



कर्ण बहादुर रावल
अध्यक्ष

| वडा संख्या | ५ |
|---|---|
| चारकिल्ला | गाँउपालिकाको पूर्वमा चंखेली गाँउपालीका, पश्चिममा सिमिकोट गाँउपालिका, उत्तरमा चीनको स्वशासीत क्षेत्र तिब्बत र दक्षिणमा सर्केगाढ गाँउपालीका रहेको छ |
| साविकका गाविस | खार्पूनाथ, छिप्रा, राया र लाली |
| क्षेत्रफल | ८७४.६२ वर्गकिलोमिटर |
| कुल जनसंख्या | घरधुरी संख्या: १५४५; जम्मा जनसंख्या: ६९७५; पुरुष: ३४६५; महिला: ३५१०<br>श्रोत : राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा, केन्द्रीय तथ्यांक विभाग |
| समुन्द्री सतहदेखि उचाई | करिब २१४० मीटर देखि ३३८० मीटर सम्म |
| अक्षांश र देशान्तर | ८२ डिग्री ५५ मिनेट ३० सेकेण्डदेखि ८३ डिग्री ३ मिनेट ३० सकेण्ड पूर्वी देशान्तरसम्म र २८ डिग्री ५ मिनेट ३० देखि २८ डिग्री १२ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांश |
| हावापानी | अधिकतम तापक्रम ३२.४ डिग्री सेल्सीयस, न्यूनतम तापक्रम ८.० डिग्री सेल्सीयस |
| समुदाय र जातजाती | क्षेत्री, ब्राम्हण, ठकुरी, दलीत, जनजाती |
| मुख्य पेशा | कृषि, पशुपालन, जडिबुटी ब्यापार र वैदेशिक रोजगार |

**जलवायुको परिवर्तनका असर तथा प्रभावहरु**

**जलवायु संवेदनशिलता**

- पहिरो, बाढी र खडेरी जस्ता जलवायुजन्य प्रकोपबाट जनधनको क्षति, र कृषी उत्पादनमा कमि आएको
- कृषीबाली, पशुपंक्षी तथा मानवमा नया रोगको प्रकोप बढेको
- नयाँ मिचाहा प्रजातीहरु देखिएको, स्थानीय रैथाने जडीबुटी उत्पादन घटेको (कटुकी, बोजो, सतुवा, गदाल्नु, पदमचाल, घिरमौला, पाँच औले)
- खानेपानीको उपलब्धतामा कमी आउनुका साथै मुहानहरु सुकेको

**जलवायु सम्मुखता**

- गुराँसको फूल एक महिना अगाडी नै फूल्न थालेको
- काफलमा फल लाग्ने समय एक महिना अगाडी सरेको
- बेमौसमी बाढी तथा पहिरोका प्रकोपहरु बढेको
- स्थानीय धान लगाउने समयमा एक महिना अगाडी र भित्र्याउने समय दुई महिना अगाडी सरेको
- पानीका मूलहरु फुट्ने समय एक महिनाले घटेको
- मनसुनी बर्षा समग्रमा २१ दिन पछाडी सरेको
- हिउदे बर्षा एक महिनाले पछाडी सरेको
- गर्मीको समय एक महिनाले बढेको
- जाडोको समय समग्रमा तिन महिनाले घटेको
- तुषारो पर्ने दिन दुइ महिनाले घटेको



कर्ण बहादुर रावल
अध्यक्ष

**प्रकोप तथा संकटासन्नताको अवस्था**

**स्थानीय अनुकूलन कार्ययोजना समायोजन, मुलप्रवाहीकरण तथा अनुगमन तथा मुल्यांकन**

स्थानीय अनुकूलन कार्ययोजनालाई नेपाल सरकारको स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियाका ७ चरणहरु अन्तर्गत वडास्तरीय योजना प्राथमिकिकरण बैठक, बजेट तथा कार्यक्रम तर्जुमा समिति, एकिकृत योजना तर्जुमा प्रणालीबाट गाँउ कार्यपालिकाको बैठक हुँदै गाँउ सभाको बैठकबाट अनुमोदन गरिनेछ। त्यसैगरी सम्बद्ध सरकारी तथा गैह्र सरकारी निकायहरुको वार्षिक तथा आवधिक योजनाहरुमा यस कार्ययोजना कार्यान्वयनको लागि समायोजन गरी मुलप्रवाहीकरण गरिनेछ। क्रियाकलाप छनौट, कार्यान्वयन प्रक्रिया, प्रगति, नतिजा तथा उपलब्धीहरुको विभिन्न तहमा समिक्षा तथा फिल्ड अनुगमन तथा मूल्यांकनको सुनिश्चितता गरिएको छ।

**कार्ययोजना कार्यान्वयनको लागि अनुमानित बजेट**

यस कार्ययोजनाको कार्यान्वयनबाट खार्पूनाथ गाँउपालिकाको सम्पूर्ण वडाको बासिन्दा खासगरी लक्षित विपन्न, महिला तथा दलित वर्गहरुको अनुकूलन क्षमता अभिवृद्धि गरी उक्त परिकल्पनाहरु पुरा गर्नको लागि जम्मा ... बराबरको विस्तृत स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ।

| **विषयगत क्षेत्र** | **आर्थिक बर्ष** (बजेट रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७९।८० | २०८०।८१ | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | कुल जम्मा |
| कृषि तथा खाद्य सुरक्षा | | | | | | |
| वन, जलाधार तथा जैविक विविधता | | | | | | |
| खानेपानीका स्रोत तथा उर्जा | | | | | | |
| ग्रामिण तथा शहरी बसोबास | | | | | | |
| उद्योग, यातायात तथा भौतिक पूर्वाधार | | | | | | |
| पर्यटन एवमं प्राकृतिक तथा सास्कृतिक सम्पदा | | | | | | |
| स्वास्थ्य, खानेपानी तथा सरसफाई | | | | | | |
| विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन | | | | | | |
| जलवायु परिवर्तन सम्बन्धि सचेतना, लैगिक समानता तथा सामाजिक समावेशीकरण तथा सुशासन | | | | | | |
| **कुल जम्मा** | | | | | | |

**गाँउपालिका स्तरका मुख्य अनुकूलनका क्रियाकलापहरु**



कर्ण बहादुर रावल
अध्यक्ष

- ✓ जलवायु मैत्री गाउँ, सिंचाई कुलो मर्मत तथा स्तर उन्नती, थोपा सिंचाई प्रविधि प्रवर्द्धन, प्लाष्टिक घरमा बेमौसमी तरकारी खेती, रिचार्ज पोखरी निर्माण, पानीका मुहान संरक्षण, खानेपानी निर्माण, सिंचाइ पोखरी निर्माण
- ✓ नदि कटान तथा पहिरो नियन्त्रणका लागि वृक्षारोपण, तटबन्ध निर्माण, ग्याविन पर्खाल निर्माण तथा बायो (इन्जिनियरिंग)
- ✓ सुख्खा सहने तथा रोग किरा प्रतिरोधी बाली प्रजातिहरुको प्रवर्द्धन, बाली उपचार शिविर, माटो परिक्षण शिविर
- ✓ वन व्यवस्थापन, वृक्षारोपण तथा अग्नि नियन्त्रण तालिम तथा उपकरण प्रदान
- ✓ खोज तथा उद्दार तालिम, पूर्व सूचना प्रणालीको स्थापना, गोरेटो बाटाको निर्माण
- ✓ फोहोरमैला व्यवस्थापन, सरसफाई तथा पोषण सम्बन्धि तालिम, स्वास्थ्य चौकीको सबलिकरण, स्वास्थ्य सामग्री व्यवस्थापन, ढल व्यवस्थापन
- ✓ जीविकोपार्जन तथा महिला लक्षित तालिम सिलाईकटाई, होजियारी तालिम सहित सामाग्रि वितरण
- ✓ विपद तथा जलवायु अनुकूलन कोष, जलवायु सचेतना केन्द्र स्थापना तथा अभिमुखीकरण



कर्ण बहादुर रावल
अध्यक्ष

## विषय सूची

तालिकाहरुको सुचि ............ xi
परिच्छेद १ : स्थानीय अनुकूलन कार्ययोजनाको औचीत्य तथा मान्यता ............ 1
१.१ स्थानीय अनुकूलन योजनाको औचीत्य र मान्यता ............ 1
१.२ स्थानीय अनूकुलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु ............ 2
१.३ स्थानीय अनुकूलन योजना र विपद् जोखिम व्यवस्थापन/उत्थानशील योजना बीच अर्न्तसम्बन्ध ............ 4
परिच्छेद २ : खार्पूनाथ गाँउपालिकाको संक्षिप्त परिचय ............ 5
२.१ जलाधार ............ 5
२.२ अवस्थिति र भैागोलिक अवस्था ............ 5
२.३ सामाजिक, आर्थिक तथा मानविय अवस्था ............ 6
२.३.१ जातिगत अवस्था ............ 6
२.३.२ मानवीय अवस्था ............ 6
२.३.३ आर्थिक क्रियाकलापहरुको अवस्था ............ 7
२.४ प्राकृतिक श्रोतको अवस्था (वन, जलस्रोत, जमिन) ............ 7
२.४.१ वन सम्बन्धि बिवरण : ............ 7
२.४.२ भु उपयोगको बिवरण : ............ 7
२.४.३ जलश्रोत बिवरण ............ 8
२.५ भौतिक पुर्वाधारको अवस्था ............ 8
२.६ गाँउपालिकामा कार्यरत संघसंस्थाहरुको अबस्था तथा उपलब्ध सेवाहरु ............ 9
२.७ गाँउपालिकाको सुशासनको अवस्था ............ 9
परिच्छेद ३ : अनूकुलन कार्ययोजनाको बिधि र प्रकिया ............ 11
३.१ अनकूलन कार्ययोजनाको तर्जमूा बिधि र प्रक्रिया ............ 11
परिच्छेद ४ : स्थानीय अनुकूलन कार्ययोजना तर्जुमाका चरणहरु ............ 13
४.१ जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि ............ 13
४.२ संकटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारी ............ 13
४.२.१ प्रकोपको ऐतिहासिक घटनाक्रम ............ 13
४.२.२ परिवर्तित प्रकोप तथा मौसमी पात्रो ............ 22
४.२.३ तापक्रम र बर्षाका तथ्यांकहरुको विश्लेषण **(climate profile )** ............ 25
४.२.२ जलवायू तथ्यांक ............ 25
४.२.४ सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन ............ 26
४.२.६ संकटासन्न वर्ग तथा समुदाय पहिचान **(Differnetial impact)** ............ 33
४.२.७ प्रकोपको प्राथमिकिकरण ............ 34



कर्ण बहादुर रावल
अध्यक्ष

४.२.८ वडा जोखिम स्तरीकरण ........ 35
४.२.९ प्रकोप तथा जोखिम विश्लेषण ........ 36
४.२.१० जोखिमको अवस्था तथा अनुकूलनका प्रयास विश्लेषण ........ 38
४.२.११ जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव विश्लेषण ........ 41
४.२.१२ विषयगत क्षेत्रमा पारेको प्रभाव ........ 44
४.२.१३ पारिस्थितिकीय प्रणालीको संकटासन्नता चित्रण तथा विश्लेषण ........ 48
४.२.१३.१ वन जङ्गल पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ........ 48
४.२.१३.२ कृषि पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ........ 48
४.२.१३.३ जल (खोला, ताल, नदी) पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ........ 49
४.२.१३.४ पारिस्थितिकीय प्रणालीमा परेको तुलनात्मक रुपमा जोखिम विश्लेषण ........ 49
४.३ जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरुको पहिचान ........ 50
४.३.१ अनूकुलन तथा विपद् जोखिम व्यवस्थापन योजना ........ 50
४.३.२ अनूकुलन तथा विपद् जोखिम न्युनीकरणका कार्यहरूको प्राथमिकीकरण ........ 53
४.३.३ अनुकूलन कार्ययोजनाको निर्माण ........ 56
परिच्छेद ५: जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण ........ 66
५.१ आवधिक योजना तथा विकासका नीतिहरुमा मूलप्रवाहीकरण ........ 66
५.२ स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहीकरण ........ 67
परिच्छेद ६: अनूगमन तथा मुल्याङ्कन योजना ........ 69
परिच्छेद ७ : अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनका कार्यहरुको तर्जुमा र कार्यान्वियन ........ 70
सन्दर्भ सामग्री ........ 71



कर्ण बहादुर रावल
अध्यक्ष

## चित्रहरुको सुचि

चित्र नं. १: जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापन बिच अर्न्तसम्बन्ध ........ ४
चित्र नं 2  खार्पूनाथ गाँउपालिकाको प्रशासनिकक नक्सा ........ ५
चित्र ३ : गाउँपालिकाको भूउपयोग विवरण ........ ८
चित्र नं 4 अनकूलन कार्ययोजनाको तर्जमा बिधि र प्रक्रिया ........ ११
चित्र नं 5 स्थानिय अजुकुलन कार्ययोजना निर्माणमा अवलम्बन गरिएका चरण तथा प्रक्रियाहरु ........ ११
चित्र नं 6 खार्पूनाथ गाँउपालिकाको सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन ........ २७
चित्र नं 7 खार्पूनाथ गाँउपालिकामा रहेका पहिराहरुको नक्सा ........ २८
चित्र नं 8 गाँउपालिकाको पहिरो जोखिम नक्सा ........ २९
चित्र नं 9 खार्पूनाथ गाँउपालिकाको बाढी जोखिम नक्सा ........ ३०
चित्र नं 10 गाँउपालिकाको जोखिमको अवस्था तथा अनुकूलनको प्रयासको विश्लेषण ........ ४१
चित्र नं 11 जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण ........ ६६



कर्ण बहादुर रावल
अध्यक्ष

# तालिकाहरुको सुचि


तालिका नं 1 गाँउपालिकाको वडा अनुसारको वस्ति विवरण ........ ६

तालिका नं 2 गाँउपालिकामा रहेको जातिगत विवरण ........ ६

तालिका न 3 गाँउपालिकामा रहेका मानविय जनशक्तिको विवरण ........ ७

तालिका नं 5 गाँउपालिकाको भू-उपयोगको विवरण........ ७

तालिका नं 8 खार्पूनाथ गाँउपालिकामा रहेका संघ संस्थाहरुको विवरण ........ ९

तालिका नं 9 खार्पूनाथ गाँउपालिकाको सुशासनको अवस्था ........ ९

तालिका नं 10 खार्पूनाथ गाँउपालिकाको ऐतिहासिक समय रेखा ........ १४

तालिका नं 11 परिवर्तित प्रकोप तथा मौसमी पात्रो ........ २३

तालिका नं 12 गाँउ क्षेत्रमा भएका मुख्य पहिरो तथा प्रभावित समुदाय र घरधुरीको विवरण........ २८

तालिका नं 13 खार्पूनाथ गाँउपालिकाको जोखिमको रुपरेखा ........ ३१

तालिका नं 14 संकटासन्न वर्ग तथा सामाजिक समुहहरुको पहिचान........ ३४

तालिका नं 17 प्रकोपको अवस्था तथा जोखिम विश्लेषण........ ३६

तालिका नं 18 जोखिमको अवस्था तथा अनुकूलनका प्रयास विश्लेषण........ ३९

तालिका नं 19 जीविकोपार्जनका स्रोतहरुमा प्रभाव विश्लेषण ........ ४१

तालिका नं 21 वन जगंल पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ........ ४८

तालिका नं 22 कृषि पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ........ ४९

तालिका नं 23 जल (खोला, ताल, नदी) पारिस्थितिकिय प्रणालीमा परेको जोखिमहरुको विश्लेषण ........ ४९

तालिका नं 24 पारिस्थितिकिय प्रणालीहरुको तुलनात्मक जोखिम विश्लेषण ........ ४९

तालिका नं 25 अनूकुलन तथा विपद् जोखिम व्यवस्थापन योजना ........ ५१

तालिका नं 26 अनूकुलन तथा विपद् जोखिम न्युनीकरणका कार्यहरूको प्राथमिकीकरण ........ ५४

तलिका नं 27 अनुकूलन कार्ययोजनाहरुको विस्तृत विवरण........ ५७

तालिका नं 28 योजना तर्जुमा प्रक्रियाको समयमा समायोजन गर्नूपर्ने........ ६७

तालिका नं 30 अनूगमन तथा मुल्याङ्कन योजना........ ६९




कर्ण बहादुर रावल
अध्यक्ष

# परिच्छेद १ : स्थानीय अनुकूलन कार्ययोजनाको औचीत्य तथा मान्यता

## १.१ स्थानीय अनुकूलन योजनाको औचीत्य र मान्यता

जलवायु परिवर्तन प्राकृतीक प्रक्रिया भएतापनि मानव जन्य क्रियाकलापहरु वन विनाश, बढ्दो औद्योगिकीकरण, यातायात क्षेत्रमा पारम्परिक खनिज इन्धनको व्यापक प्रयोग र अव्यवस्थित शहरीकरणले हरितगृह ग्यासको चिन्ताजनक उत्सर्जनबाट जलवायु परिवर्तनमा तिव्रता आएको छ । यसले श्रृजना गरेका प्रभावहरु विश्वव्यापी चुनौती बनेका छन् । जलवायु परिवर्तनको असर मानव जातिमा मात्र सिमित छैन, यसले कृषी, वन, जलस्रोत, उर्जा, भूउपयोग जस्ता क्षेत्रमा असर गरिरहेको छ । जलवायु परिवर्तनको मुख्य कारक तत्व रहेको हरित गृह ग्यास उत्सर्जनको ठुलो हिस्सा विकशित देशहरुले उत्सर्जन गर्ने भएतापनि यसको असर तथा प्रभाव नेपाल जस्तो अल्प विकसित र विकासोन्मुख देशहरुमा बढी पर्ने गरेको छ । सन १७५० मा वायुमण्डलमा २७८ पि पि एम[१] रहेको कार्वन डाईआक्साईड सन २०२२ को अप्रिल महिनामा ४१८ पि पि एम पुगेको छ भने मिथेन, नाइट्रस अक्साइड जस्ता अन्य हरित गृह ग्यासहरुको मात्रामा समेत उल्लेखनिय वृद्धि भएको छ । त्यस्तै सन १८५० देखि १९०० र २००३ देखि २०१२ सम्म पृथ्विको ओषत तापक्रम ०.७८ डिग्री सेल्सियसले बढेको छ[२] । जलवायु परिवर्तनको असर नेपालमा पनि तिव्र रुपमा देखिन थालेको छ । जलवायु परिवर्तनले नेपाल जस्ता हिमाली र भूपरिवेष्ठित राष्ट्रहरु अझ बढी जोखिममा रहेका छन् । कमजोर भौगोलिक वनावट, संवेदनशील पारिस्थितकीय प्रणालीहरु, धरातलीय विविधता, उचाइ र मोहडाहरू, विविध प्रकारको जलवायु तथा सुक्ष्म जलवायु क्षेत्रहरूका कारण नेपाल जलवायु परिवर्तनको असरप्रति अति संवेदनशील छ । बाढी, पहिरो, खडेरी जस्ता मौसम तथा जलवायुजन्य प्रकोपहरूमा तीव्रता आएको कारणबाट नेपालमा अत्यधिक मात्रामा धनजनको क्षति हुनुको साथै जिविकोपार्जनमा प्रतिकूल असर परेको देखिन्छ । जलवायु परिवर्तनको कारण कृषि तथा खाद्यान्न, जलस्रोत, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, उर्जा, जल, सिंचाई, बसोवास तथा पूर्वाधार विकासका क्षेत्रहरूमा प्रतिकूल प्रभाव पर्न थालेको छ । सन २०१६ को जल तथा मौसम विज्ञान विभागको प्रतिवेदन अनुसार नेपालको प्रति बर्ष अधिकतम औषत तापक्रम ०.०५६ डिग्री सेल्सियसले बढेको छ भने न्युनतम तापक्रम ०.००२ बढेको छ । सोहि प्रतिवेदन अनुसार सन १९७१ देखि २०१४ सम्ममा नेपालको औषत बर्षा १.३३ मि.मि घटेको देखिन्छ । जर्मनवाच द्वारा प्रकाशीत 'ग्लोबल क्लाइमेट रिस्क इन्डेक्स-२०२१' को १६ औं संस्करणका अनुसार, सन् २०००-२०१९ को अवधीमा जलवायु परिवर्तनबाट प्रभावित प्रमुख देशहरुको सूचीमा नेपाल दशौं नम्बरमा परेको छ ।

जलवायु परिवर्तनले गर्दा तापक्रममा वृद्धि हुने, वर्षामा परिवर्तन हुने र समग्र पृथ्वीको प्राकृतिक सन्तुलनमा फरक पर्न थालेको महशुस हुन थालेको छ । हिमालका हिँउ तिव्र रुपमा पग्लने (हिमगलन), हिमतालहरू फुट्ने, अनियमित तथा अधिक वर्षा हुने, समुन्द्री सतह बढ्ने, बाढी, पहिरोको जोखिम तथा आवृत्ति बढ्ने, खडेरी लम्बिने तथा कृषि उत्पादनमा ह्रास आउने जस्ता समस्याहरू विकाराल रुपमा देखिदैं आएका छन् । जिविकोपार्जनका लागि प्राकृतक स्रोतहरु र बर्षे पानीमा अधिक निर्भर रहने हाम्रो देशमा यसको असर र पार्न सक्ने प्रभावहरु आउने दिनमा अझै बढोत्तर हुने देखिन्छ । विश्वका १९८ मलुक मध्ये नेपाल भू-कम्पीय जोखिमको हिसाबले ११ औं (यु.एन वि.सि.पि.आर २००४), पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसाबले ३० औं (मानव विकास प्रतिवेदन २००९), बहुप्रकोपको हिसावले २० औं स्थानमा रहेको छ । जलवायु परिवर्तनका कारण जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, ग्रामीण बसोवास तथा भौतिक पूर्वाधारमा धेरै नकारात्मक असर परेको विवरण राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) २०६७ ले जनाएको छ । जलवायु परिवर्तनका कारण सामाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनाहरूमा नकारात्मक असर पुगिरहेको र यसको असरबाट गरिब, विपन्न, महिला, बालवालिका, वृद्धवृद्धाहरु, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रीत समुदायहरु बढी प्रभावित भइरहेका छन् ।

[१] Parts per million. Source: https://climate.nasa.gov/vital-signs/carbon-dioxide/

[२] IPCC Fifth Assessment Report 2021



कर्ण बहादुर रावल
अध्यक्ष

यसै सन्दर्भमा जलवायु परिवर्तनको कारणबाट श्रृजित समस्याहरुको सामना गर्न नेपाल सरकारले नीतिगत रुपमा राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) २०६७, जलवायु परिवर्तन नीति २०७६ र स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना (National Framework on LAPA) २०७६ तर्जुमा गर्नुका साथै स्थानीय अनुकूलन कार्ययोजनाहरु (LAPA) तयार गरी सफलतापूर्वक कार्यान्वयन गर्दै आएको छ । जलवायु परिवर्तन अनुकूलन सम्बन्धी आवश्यकताहरू पहिचान तथा प्राथमिकीकरण गर्ने र सोही आधारमा मध्यकालीन (सन् २०३० सम्म) र दिर्घकालीन (सन् २०५० सम्म) समयका लागि बन तथा वातावरण मन्त्रालयको समन्वयमा राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan-NAP) तयार गरिएको छ । विगतका अनुभव, अन्तराष्ट्रिय सन्दर्भ र नेपालमा भएको राज्य पूर्नसंरचना अनुकूल हुने गरी नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६ र जलवायु नीति २०७६ जारी गरेको छ । स्थानीय स्तरमा विकास निर्माणको समग्र प्रक्रियामा जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नुपर्दछ भन्ने सैद्धान्तिक अवधारणामा आधारित रही परीमार्जीत स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना (Revised LAPA Framework) २०७६ पारीत भइ कार्यान्वयनको चरणमा रहेको छ । परिमार्जित खाकाले स्थानीय सरकारहरूलाई स्थानीय स्तरमा जलवायु परिवर्तनका असरहरु व्यवस्थापन गर्न र दीर्घकालिन जलवायुमैत्री विकासका योजनाहरु पहिचान तथा कार्यान्वयन गर्न सहयोग गर्नेछ । यसले स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरुबीच नियमित सहकार्य तथा सम्वाद मार्फत् स्थानीय क्रियाकलापहरूको कार्यान्वयनमा सहमति निर्माण गरी जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित अन्तराष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन गर्न समेत मद्दत गर्नेछ ।

यसै सन्दर्भमा स्थानीय समुदायलाई जलवायु परिवर्तनले विभिन्न क्षेत्रमा पारेको असरहरुसंग सामना गर्न सक्ने क्षमताको अभिवृद्धि गर्न स्थानीय अनुकूलन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने उद्देश्यका साथ हुम्ला जिल्लाको खार्पूनाथ गाँउपालिकाको संकटासन्नता, सम्मुखता र अनुकूलन क्षमताको विश्लेषणको आधारमा जोखिम मुल्याँकन तयार पारिएको, संकटासन्न नक्शामा आधारित भई स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाले निर्दिष्ट गरेका विधि, प्रक्रिया र चरणहरुलाई अवलम्वन गरी बहुसरोकारवाला निकायहरु गाँउपालिकाका जनप्रतिनिधि, विषयगत शाखा प्रमुख, स्थानीय गैरसरकारी संघसंस्थाहरुको प्रतिनिधि, जलवायु परिवर्तन क्षेत्रमा कार्यरत संघसंस्थाहरु, महिला तथा अन्य सरोकारवाला निकायहरुको सक्रिय सहभागीतामा वडा स्तरवाट पहिचान भएको प्रकोप तथा अनुकूलनका प्रयासहरुलाई समेत समावेश गरी स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ । यो कार्ययोजना मिति २०७९ जेष्ठ २८ गते देखि २०७९ असार १५ गते सम्म खार्पूनाथ गाँउपालिकाको विभिन्न तह (समुदाय, वडा तथा गाँउपालिका) मा संचालित अनुकूलन कार्ययोजना तर्जुमा विधि परिक्षण गोष्ठीवाट तयार गरिएको हो ।

## १.२ स्थानीय अनूकुलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु

### १.२.१ स्थानीय अनुकूलन योजनाको लक्ष्य तथा मान्यता

स्थानीय अनुकूलन कार्ययोजनाका निर्दिष्ट सिद्धान्तहरुलाई आधार विन्दु मानिने छ भने खार्पूनाथ गाँउपालिकामा स्थानीय अनुकूलन कार्ययोजना तयार गर्दा तपशिल अनुसारका विषयवस्तुहरुलाई समेत आधार मानि तयार गरिएको छ ।

**एकिकृत जोखिम व्यवस्थापन :** खार्पूनाथ गाँउपालिकाको पहिरो, बाढी, ढुङ्गा खस्ने, खडेरी, वन डढेलो, हावाहुरी, तुषारो, असिनाको उच्च जोखिममा रहेको गाँउपलिका हो। जलवायु परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट यस गाँउपालिका संवेदनशील अवस्थामा रहेको छ । यस सन्दर्भमा स्थानीय स्तरमा हुने जोखिम न्युनिकरणका कार्य संचालन गर्दा एकिकृत रुपमा संचालन गर्ने मान्यता रहेको छ ।

**असमान संकटासन्नता तथा जोखिमको उचित पहिचान र सम्बोधन :** गाँउपालिकाका विभिन्न क्षेत्र, जात/जाती, लिङ्ग तथा सामाजिक समूहहरुमा पर्ने जलवायु परिवर्तनको प्रभाव, संकटासन्नता र जोखिमको असमान अवस्थालाई पहिचान र आत्मसात् गर्दै यसलाई खार्पूनाथ गाँउपालिकाद्वारा जलवायु उत्थानशिल विकासका कार्यहरुमा उचित संवोधन गर्ने अपेक्षा गरिएको छ ।

**जन सहभागिता :** जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरुलाई प्रभावकारी बनाउन स्थानीय स्तरमा सबै निर्णय प्रक्रियाहरुमा व्यापक जनसहभागिता सुनिश्चित गर्ने अपेक्षा गरिएको छ । प्रत्येक वडामा कम्तिमा १



कर्ण बहादुर रावल
अध्यक्ष

जना जलवायू परिवर्तन श्रोत व्यक्ति विकास गरी योजना प्रकृयामा जलवायू परिवर्तन उत्थानशील योजनाहरु छनौट तथा प्राथमिकिकरण गर्न सहजीकरण गरिने छ ।

**लचकता :** अनुकूलन क्रियाकलाप प्रभावकारी ढंगले कार्यान्वयन गर्न लापा संरचनाले प्रशासनिक, वित्तिय, प्राविधिक, नीतिगत तथा संस्थागत चुस्तता सुनिस्चित गर्ने हुँदा यसलाई लचिलो भनिएको छ र लचकताले अनूकुलनको लागि अवसर प्रदान गर्दछ । जलवायु परिवर्तनको असरवाट सृजित समस्या समय तथा स्थान विशेषले  फरक हुन्छ र त्यस अनुरुप प्रविधिको प्रयोग र स्थानीय साधन, श्रोत, ज्ञान र सिपको उच्चतम उपयोग गर्न लचकताको सिद्धान्त अवलम्बन गरिने छ ।

**तत्परता :** जोखिममा परेका समुदाय वा परिवारले प्राप्त गर्ने अनुकूलन सेवा छिटो, चुस्त तथा प्रभावकारी गराउन स्थानीय सरकार सदा तत्पर हुनु पर्दछ र त्यसका लागि लापा संरचनाको उपयोग प्रभावकारी मानिएको छ । स्थानीय सरकारले न्यूनतम साधन स्रोतको अधिकतम र प्रभावकारी परिचालन मार्फत अति उत्तम नतिजा हासिल गर्ने, जनहित कायम गरी लापा क्रियाकलापहरु सञ्चालन गरिने छ ।

**सुशासन :** गाँउस्तरमा जलवायु परिवर्तन अनुकूलन  र जोखिम न्यूनीकरण क्रियाकलापहरु तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्दा पारदर्शी, सहभागितामूलक, जबाफदेही र उत्तरदायी निर्णय प्रक्रिया अनुसरण गरिने छ ।

### १.२.२ स्थानीय अनुकूलन कार्ययोजनाको लक्ष्य

जलवायु उत्थानशील समाजको निर्माण गर्न  खार्पूनाथ गाँउपालिकामा कार्यान्वयन गरिने विकास निर्माण र स्रोत व्यवस्थापनको समग्र प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने यस योजनाको लक्ष्य रहेको छ ।

### १.२.३ स्थानीय अनुकूलन कार्ययोजनाको उद्देश्य

खार्पूनाथ गाँउपालिकामा विकास निर्माण र स्रोत व्यवस्थापनको समग्र प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्न गाँउपालिका तथा अन्य सरोकारवालाहरूलाई दिशानिर्देश गर्नु यस योजनाको मुख्य उद्देश्य रहेको छ ।खार्पूनाथ गाँउपालिकामा निर्मित स्थानीय अनुकूलन कार्ययोजनाले सम्पुर्ण वडा, वस्ती र टोलमा तथा समुदायको अनुकूलन क्षमता अभिवृद्दि भई जिविकोपार्जनमा सुधार ल्याएको हुनेछ ।  यसका विशिष्ट उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

- गाँउपालिकामा जलवायु परिवर्तनबाट सृजित जोखिम र संकटासन्नताको पहिचान, अभिलेखीकरण र प्राथमिकीकरण गर्न सहयोग गर्ने
- जोखिममा रहेका तथा संकटासन्न व्यक्ति, घरधुरी, समूह र समुदायको अनुकूलन क्षमतामा बढोत्तरी गर्न र जलवायु उत्थानशील क्रियाकलापहरू पहिचान गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने
- गाँउपालिकाको योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको विषयलाई एकीकृत गर्दै जलवायु उत्थानशील योजनाहरूको कार्यान्वयनमा लगानी अभिवृद्धि गर्ने
- गाँउपालिकामा निर्माण गरिने विकासका पूर्वाधारहरूका साथै शिक्षा, स्वास्थ्य, खानेपानी र स्थानीय प्रविधिलाई जलवायु उत्थानशील बनाउन सहयोग गर्ने ।
- कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, र
- स्थानीय तथा राष्ट्रिय योजनालाई लागतको आधारमा अनुकूलनका प्रभावकारी विकल्प पहिचान गर्न ।

### १.२.४ मान्यता

- स्थानीय जलवायु अनुकूलन कार्ययोजना स्थान बिशेष अनुसार फरक फरक हुन्छ  ।
- स्थानीय समुदाय तथा सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा लक्षित क्षेत्र, वर्ग तथा समुदायको पहिचान गरी जलवायु परिवर्तनको असर सामना गर्न अनुकूलनका उपायहरुको प्राथमिकिकरण गरी स्थानीय अनुकूलन योजना तयार गरिएको छ ।



कर्ण बहादुर रावल
अध्यक्ष

- गाँउ स्तरीय अनुकूलन योजनाले लक्षित क्षेत्र, वर्ग तथा समुदायलाई समेटी जोखिम क्षेत्रको पहिचान गरी कार्यक्रमहरुको तय गरेको हुँदा यो कार्ययोजना प्रभावकारी रुपले सञ्चालन गर्न सकिन्छ ।
- स्थानीय निकायमा निर्बाचित जनप्रतिनिधि भएको हुँदा कार्यक्रम कार्यान्वयनका लागी अनुकूल वातावरणको श्रृजना हुनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा गाँउपालिकामा रहेको सम्पुर्ण सरोकारवालाहरुलाई समावेश गरिएकाले योजनालाई प्राथमिकताका साथ कार्य गर्न उपयुक्त वातावरण श्रृजना हुनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाको निर्देशित सिद्धान्त एकिकृत जोखिम व्यवस्थापन, असमान संकटासन्नता तथा जोखिमको उचित पहिचान र सम्बोधन, जनसहभागिता, सुशासन, तत्परता र लचिलोमा आधारित भई स्थानीय अनुकूलन योजना तयार गरिएको छ ।
- राष्ट्रिय अनुकूलन योजनाले पहिचान गरेका क्षेत्रमा आधारित भई जलवायु परिवर्तनले असर गर्ने सबै बिषयगत क्षेत्र समेटि बिभिन्न सरकोकारवाला निकायहरुको सहभागितामा योजना तयार गरिएको छ ।
- स्थानीय अनुकूलन योजना तयार गर्दा स्थानीय विपद् व्यवस्थापनका पक्षहरुलाई पनि विशेष ध्यान दिईएको छ ।

## १.३ स्थानीय अनुकूलन योजना र विपद् जोखिम व्यवस्थापन/उत्थानशील योजना बीच अर्न्तसम्बन्ध

स्थानीय अनुकूलन कार्ययोजना तयारीको लागि वन तथा वातावरण मन्त्रालयले स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना तयार गरी लागु गरेको छ भने स्थानीय विपद् व्यवस्थापन योजना तयारीको लागि संघीय मामीला तथा स्थानीय विकास मंन्त्रालयवाट मार्गदर्शन तयार गरी लागु गरिएको छ । दुवै दस्तावेजको लागि छुट्टाछुट्टै मन्त्रालयवाट मार्गदर्शन लागु गरिएको भएता पनि यसको उद्देश्य, आसय, योजना तर्जुमा, प्रक्रिया र विधिमा खासै भिन्नता देखिदैंन । दुबै योजनाको मुख्य उद्देश्य नेपालले भोगिरहेको र दोहोरीरहने खडेरी, बाढी, पहिरो, माहामारी, आगलागी जस्ता विनासकारी समस्या तथा जोखिमहरुसँग जुध्न उत्थानसिल समुदायको निर्माण गर्नु रहेको छ । स्थानीय अनुकूलन योजनाले जलवायु परिवतर्नवाट सिर्जित जलवायुजन्य प्रकोपहरुमा केन्द्रित भई संकटासन्न समुदायको अनुकूलीत क्षमतामा अभिवृद्धि गर्ने उद्देश्यका साथ योजना तयार गरेको र स्थानीय विपद् व्यवस्थापन योजनाले जलवायुजन्यका साथसाथै अन्य प्रकोपहरुलाई समेटी विपद् व्यवस्थापनका पक्षलाई केन्द्रित गर्ने तथा योजना तयार गरी कार्यान्वयन गर्ने भएकाले स्थानीय अनुकूलन योजना र स्थानीय विपद् जोखिम व्यवस्थापन योजना समायोजन गर्नु पर्ने आवश्यकता देखिएकोले विपद् व्यवस्थापन योजनामा समावेश भए गरेका विपद् व्यवस्थापन सम्वन्धि योजनाहरु पनि स्थानीय अनुकूलन योजनामा समावेश गरी कार्यान्व गर्दा अझ बढी प्रभावकारी हुने देखिएकोले यस योजनामा दुवै योजनाका समान रहेका पक्षहरुलाई समावेश गर्ने प्रयास गरिएको छ ।




चित्र नं. १: जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापन बिच अर्न्तसम्बन्ध

## परिच्छेद २ : खार्पूनाथ गाँउपालिकाको संक्षिप्त परिचय

### २.१ जलाधार

यस गाँउपालिकाको मुख्य जलाधार कर्णाली नदि रहेको छ भने मुख्य सहायक जलाधारमा लाली खोला, कारङ्ग खोला, छडि खोला, घट्टे खोला र ह्यामा खोला रहेका छन् । यस गाँउपालिकामा अन्य स-साना जलाधारहरु जस्तै बेउले खोला, ठुलो खोला, मजाल खोला, भालुदुला खोला, पन्यारी पाटा खोला रहेका छन् र सबै खोलाहरु कर्णाली नदीमा गएर मिसिन्छन् । स्थानीय अनुकूलन कार्ययोजना तय गर्दा जलाधार क्षेत्रहरुलाई आधार मानिएको छ भने तल्लो तथा माथिल्लो तटिय क्षेत्रहरुको अर्न्तसम्बन्धलाई समेत मध्यनजर दिइएको छ ।

### २.२ अवस्थिति र भैागोलिक अवस्था

हुम्ला जिल्लाको सदरमुकाम सिमिकोट देखि पूर्वी भेगमा रहेको यो गाँउपालिकाको नामाकरण यसै क्षेत्रको प्रसिद्ध पर्यटकीय तथा धार्मिक स्थल खार्पूनाथ मन्दिरको नामबाटनै खार्पूनाथ गाँउपालिकाको नामाकरण गरिएको हो । लाली, राया, छिप्रा र खार्पूनाथ गाविस सहितका ४ गाविस मिलेर यो गाउँपालिका बनेको छ । नामाकरण सन्दर्भमा हालको वडा नं. ५ को खार्पूदोभान स्थित सत्यदेवीको काख पतन भएको स्थान र त्यतिबेला काखलाई खार भनिने हुनाले खारबाट खार्पूनाथ रहन गएको किंवदन्ति छ । प्रसिद्ध कर्णाली र गौरी नदिको दोभानमा रहेको खार्पूनाथ मन्दिरलाई पशुपतिनाथ मन्दिरकै रुपमा चिनिन्छ । मानसरोवर जाने तिर्थयात्रीले अनिवार्यरुपमा खार्पूनाथको दर्शन गर्नुपर्ने लोकोक्ति रहेको छ । नेपालका प्रथम जगतगुरु श्री बालसन्त मोहनशरण देवले पनि यस लोकोक्तिको पुष्टी गरेका छन् । यस गाँउपालिकाका प्रमुख धार्मिक तथा ऐतिहासिक गन्तब्य स्थलहरु हुन । यस गाँउपालिकामा प्राकृतिक रुपमा सुन्दर रमणीय रहेका बिभिन्न सम्पदाहरु पाइन्छन । गाँउपालिकाको जम्मा क्षेत्रफल ८७४.६२ बर्ग किलो मीटर छ । यस गाँउपालिकाको केन्द्र वडा नं. ५ को याङ्चु बेसीमा रहेको छ । यस गाउँपालिकाको पूर्वमा चंखेली गाउँपालिका पर्दछ भने पश्चिममा सिमकोट गाउँपालिका, उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा सर्केगाढ गाउँपालिका पर्दछ ।




चित्र नं 2 खार्पूनाथ गाँउपालिकाको प्रशासनिकक नक्सा

कर्ण बहादुर रावल
अध्यक्ष

## २.३ सामाजिक, आर्थिक तथा मानविय अवस्था

खार्पूनाथ गाँउपालिकामा कुल १,५४५ घरधुरी र ६,९७५ जनसंख्या रहेको छ। कुल जनसंख्याको ४९.७% अर्थात ३,४६५ पुरुष रहेका छन भने ५०.३% अर्थात ३,५१० पुरुष रहेका छन् (स्रोतः राष्ट्रीय जनगणना प्रारम्भीक सर्वेक्षण, २०७८)। यस गाउँपालिकाका ५वडाका कुल ३२ वटा बस्ती मध्ये सबै भन्दा धेरै बस्ती वडा नं २ मा १० बस्ती र सबै भन्दा कम बस्ती वडा नं १ मा ४ एवं वडा नं ४ मा ४ वटा बस्ती रहेका छन्। जनसंख्याको हिसावले सबै भन्दा ठूलो बस्ती वडा नं ५ स्थित खर्पेलगाउँ र सबैभन्दा सानो बस्ती वडा नं २ को पारीबजेडी थाली पर्दछ।

**तालिका नं 1 गाँउपालिकाको वडा अनुसारको वस्ति विवरण**

| वडा नं. | मुख्य बस्तीहरु |
|---|---|
| १ | प्यूस, लाली, देउखुरी, गोप्का |
| २ | बामदेव थाली, हिल्सा माथिल्लो गाँउ, माफ्ग दग्डा थाली, माथिल्लो गाँउ, पारी गाँउ, पारी बजेडी, पारी माथिल्लो गाँउ, पुरा दुग्डा थाली, सेराडिल, तल्लो बाडा थाली |
| ३ | गुम्बा धारा, घट्ट घर, गुम्बा राया, कारङ्गा, राया गाँउ, ठेला |
| ४ | छिप्रा, माजा, नल्ना, लेख |
| ५ | ताक्ला, बाम्टा, खर्पेलगाँउ, जाकोट, डाँडाबाडा (याङचु), दुर्पा, स्यालबाडा, रिक्दुला |

### २.३.१ जातिगत अवस्था

गाँउपालीका प्रोफाईल २०७५ अनुसार यस गाँउपालिकामा मुख्यगरी क्षेत्री ३८.६२%, ठकुरी ३०.६५%, ब्राम्हण ३.७५%, दलीत १४.७१% रहेका छन्। बाँकी बिस्तृित विवरण तल तालिकामा दिइएको छ।

**तालिका नं 2 गाँउपालिकामा रहेको जातिगत विवरण**

| क्र.स. | जातजाती | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | ५०४ | ३८.६२ |
| २ | ब्राम्हण | ४९ | ३.७५ |
| ३ | सार्की | ९ | ०.६९ |
| ४ | कामी | ७ | ०.५४ |
| ५ | दमाई | १० | ०.७७ |
| ६ | तामाङ्ग | ४ | ०.३१ |
| ७ | ठकुरी | ४०० | ३०.६५ |
| ८ | घर्ती | १ | ०.०८ |
| ९ | दलीत | ८३ | १४.७१ |
| १० | लामा | २ | ०.१५ |
| ११ | अन्य | ११९ | ९.१२ |
| १२ | नखुलेको | ८ | ०.६१ |
| **जम्मा** | | **१३०५** | **१००** |

स्रोतः घरपरिवार सर्वेक्षण, २०७५

### २.३.२ मानवीय अवस्था

यस गाँउपालिकाको पार्श्वचीत्र २०७५ अनुसार गाउँपालिका क्षेत्रभित्र उपलब्ध हुन सक्ने कृषि, पशु, इन्जिनियरिङ्ग, वन, मेडिसिन, खाद्य प्रसोधन, वकिल, पत्रकार जस्ता प्राविधिक तथा विशेष दक्षता भएका मानव संसाधन कुल १०३ जना रहेको पाइन्छ। जसमध्ये सबैभन्दा बढी वडा नं. ५ मा ३८ जना रहेको छ भने वडा नं. २ र ३ मा सबैभन्दा न्यून



कर्ण बहादुर रावल
अध्यक्ष

१२/१२ जना त्यस्ता मानव संसाधन उपलब्ध रहेको देखिन्छ । यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका न 3 गाँउपालिकामा रहेका मानविय जनशक्तिको विवरण**

| मानविय जनशक्ति | वडा | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | |
| **कृषि र पशु** | 4 | 3 | 3 | 7 | 7 | 24 |
| **इञ्जिनियरीङ्ग** | 7 | 5 | 4 | 9 | 10 | 35 |
| **वन** | 0 | 1 | 0 | 1 | 3 | 5 |
| **मेडिसिन** | 8 | 3 | 5 | 5 | 15 | 36 |
| **वकिल** | 0 | 0 | 0 | 0 | 1 | 1 |
| **पत्रकार** | 0 | 0 | 0 | 0 | 1 | 1 |
| **अन्य** | 0 | 0 | 0 | 0 | 1 | 1 |
| **जम्मा** | 19 | 12 | 12 | 22 | 38 | 103 |

श्रोतः-गाँउपालिका पार्श्वचीत्र २०७५

### २.३.३ आर्थिक क्रियाकलापहरुको अवस्था

यस गाँउपालिकाका अधिकांश घरधुरीहरुको मुख्य पेशा कृषि तथा पशुपालन हो। यस गाँउपालिकाको पार्श्वचीत्र २०७५ अनुसार कृषिमा ३६.१% जनसङ्ख्या संलग्न छन् भने गैह्रकृषि व्यवसायमा ३.१% जनसङ्ख्या संलग्न रहेका छन्। गैह्रकृषि व्यवसायमा नोकरीमा २%, ब्यापारमा ०.६९ %, दैनीक ज्यालादारीमा ०.२३ % र बैदेशीक रोजगारीमा ०.१७ % जनसङ्ख्या संलग्न रहेका छन् ।

## २.४ प्राकृतिक श्रोतको अवस्था (वन, जलस्रोत, जमिन)

### २.४.१ वन सम्बन्धि बिवरण :

गाउँपालिकाको कुल क्षेत्रफल ८७४.६२ वर्ग कि.मि.मध्ये करीब १२१.४७ बर्ग किमि अर्थात् १३.८९ प्रतिशत वनक्षेत्र रहेको छ। जस अनुसार १२.१७ घाँसे भूमि वा खर्क क्षेत्र रहेको छ। यहाँ डाँफे, मुनाल, च्याखुरा,फकास जस्ता चराचुरुङ्गी र घोरल, जङ्गली याक, झारल, थार, नाउर र कस्तुरी जस्ता जनावर एवं लौठ सल्लो, भोज पत्र, उत्तिस जस्ता वनजन्य वनस्पति स्याउ तथा ओखर जस्ता फलफुल आदि पाइने गर्दछ । जंगल क्षेत्रमा पाइने प्रमुख जडिबुटीका रुपमा पाखनबेद, सतुवा, बिषजडि, बायोजडी, भुल्ते कटुकी, बन कमल, पाँच औले आदि रहेका छन्। हालका बर्षहरुमा जडिबुटिहरुको उत्पादनमा कमि आएको छ।

### २.४.२ भु उपयोगको बिवरण :

यस गाँउपालिकाको कुल क्षेत्रफल ८७४.६२ बर्ग वर्गकिलोमिटर रहेको छ । गाँउपालिकाको मुख्य भूउपयोग क्षेत्रमा खेतीयोग्य जमिन, वनजंगल, पाटन र खर्क, बाँझो जमिन, खोलानाला तथा पानीले ढाकेको क्षेत्र र हिँउले ढाकेको क्षेत्र रहेको छ।

**तालिका नं 4 गाँउपालिकाको भू-उपयोगको विवरण**

| भू-उपयोग | क्षेत्रफल (वर्गकिमि) | प्रतिशत |
|---|---|---|
| वनजंगल | 121.47 | 13.89 |
| घाँसे भुमी | 106.41 | 12.17 |
| खेती गरीएको जमिन | 17.41 | 1.99 |
| बाँझो जमिन | 448.77 | 51.31 |
| झाडी बुट्यान | 9.6 | 1.1 |
| बलौटे जमिन | 95.87 | 10.96 |



कर्ण बहादुर रावल
अध्यक्ष

| | | |
|---|---|---|
| भीर चट्टान | 0.01 | 0.001 |
| **पानी** | 1.61 | 0.18 |
| **ताल** | 2.25 | 0.26 |
| **हिमनदी** | 71.22 | 8.26 |
| **जम्मा** | 874.62 | 100 |




**चित्र ३ : गाउँपालिकाको भूउपयोग विवरण**

### २.४.३ जलश्रोत बिवरण

यस गाँउपालिकामा अवस्थित मुख्य नदीनालाहरुमा कर्णाली नदि, लाली खोला, कारङ्ग खोला, छडि खोला, घट्टे खोला र ह्यामा खोला रहेका छन् । यस गाँउपालिकामा अन्य स-साना खोलाहरुमा कुवाकोटी खोला, नागडा खोला, कालागाड खोला, अन्दार खोला, लोचा खोला, ग्याग्रु खोला, चुवा खोला, फुनेछहडा खोला, बेउले खोला, ठुलो खोला, मजाल खोला, भालुदुला खोला, पन्यारी पाटा खोला रहेका छन् र सबै खोलाहरु कर्णाली नदीमा गएर मिसिन्छन् । तालहरुमा दुधेदह, दुधकुण्ड ताल, राक्षस ताल रहेका छन् ।

### २.५ भौतिक पुर्वाधारको अवस्था

यस गाँउपालिका प्रत्यक्ष रुपमा सिमिकोटसँग सडक सञ्जाल जोडिन सकेको छैन । दोजाम कर्णाली नदिमा पक्की पुल निर्माण नभएकाले प्रत्यक्ष्य रुपमा सिमिकोट सँग जोडिएको छैन। कर्णाली करिडोर अन्तर्गत सिमकोट, खार्पू हुदै याङ्चुसम्म गाडी सञ्चालन र बाँकी भागमा सडक निर्माणाधिन रहेको छ। खार्पूनाथ देखि दुर्पा,मारुघोर हुदै रोडिकोट सम्म करिब २१ किमि जिल्ला सडक निर्माणाधिन रहेको छ। नदि तथा खोलाहरुमा पुल तथा साँघु निर्माण भइरहेका छन्। टेलिफोनबाट संचार सुविधा तथा ईमेल र ईन्टरनेट सुविधाको विस्तार हुँदै गरेको। उर्जाको रुपमा सोलार तथा विद्युतको उपयोग एवं माइक्रो हाइड्रो तथा पिको हाइड्रो हरु बन्दै गरेको । यस गाउँपालिकामा आधारभूत देखि माध्यामिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन् जसमा ४ वटा मा.वि., १३ वटा आ.वि गरी जम्मा १७ वटा शिक्षण संस्थाहरु संचालित छन्। अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट आउने गरेका छन् ।

कर्ण बहादुर रावल
अध्यक्ष

## २.६ गाँउपालिकामा कार्यरत संघसंस्थाहरुको अबस्था तथा उपलब्ध सेवाहरु

**तालिका नं 5 खार्पूनाथ गाँउपालिकामा रहेका संघ संस्थाहरुको विवरण**

| क्र.सं | संघ संस्था | प्रदान गर्ने सेवा तथा गुणस्तर |
|---|---|---|
| 1 | खार्पूनाथ गाँउपालिका | स्थानीय सरकार, सरकारी सेवा (विषयगत कार्यालयबाट पाइने सम्पूर्ण सेवा) |
| 2 | वडा कार्यालयहरु | पंजिकरण, सिफारिस दिने, जनचेतना र जीविकोपार्जन गर्ने कार्यक्रमहरु, सूचना प्रदान |
| 3 | रेडक्रस | राहत तथा उद्दार |
| 4 | बैंक तथा वित्तीय संस्था | बचत, ऋण तथा वित्तीय कारोबार |
| 5 | स्वास्थ्य चौकी तथा प्रसुतिगृह | ओपिडी, प्रसुती सेवा (२४ घण्टा) |
| 6 | खोप केन्द्रहरु | बच्चाहरुलाई नियमित खोप सेवा |
| 7 | सामुदायिक वन उपभोक्ता समितिहरु | वन व्यवस्थापन |
| 8 | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ | प्रकोप नियन्त्रण तथा न्यूनीकरण, जलवायु परिवर्तन सचेतना, पूर्वाधार विकास |
| 9 | ग्रामिण जलश्रोत व्यवस्थापन कार्यक्रम | खानेपानी, सिचाई तथा क्षमता अभिवृद्वी |
| 10 | विद्यालयहरु | गुणस्तरीय शिक्षा प्रदान |
| 11 | आमा समुह, महिला समुह युवा क्लब | सामाजिक क्रियाकलापहरु (जनचेतना, सरसफाई, खेलकुद) |
| 12 | सिप नेपाल | कृषि, खाद्य सुरक्षा, उर्जा |
| 13 | SIDC | कृषि, स्वास्थ्य |
| 14 | SSBS | स्वास्थ्य, विपद् |
| 15 | सप्रोस नेपाल | पोषण, स्वास्थ्य, प्रजनन स्वास्थ्य |
| 16 | प्रहरी कार्यालय/नेपाल आर्मी | सूचना प्रवाह गर्ने, खोज तथा उद्दारमा सहयोग गर्ने |

## २.७ गाँउपालिकाको सुशासनको अवस्था

नेपाल सरकारको राष्ट्रिय नीति अनुसार सन् २०२० सम्म विद्युतीय सुशासन प्रणालीमा प्रवेश गरी सक्ने मूल मन्त्रका साथ यस खार्पूनाथ गाँउपालिकाले Sub National Treasury Regulatory Application (SuTRA) प्रणालीबाट लेखा श्रेष्ता राख्ने सुरुवात भएको छ। सूचना प्रविधिले सबैलाई सहज सेवा पुर्याउन वेभसाइट मार्फत सुचना उपलब्ध गराउने र अद्यावधिक गर्ने गरीएको छ। गाँउपालिका भित्र इन्टरनेट मार्फत सूचना तथा संचारको कार्यहरु अघि बढाउने लक्ष्य राखिएको छ। आर्थिक प्रशासनको पारदर्शिता र जवाफदेहिताका लागि हरेक योजनाहरुमा गाँउपालिकाले सार्वजनिक सुनुवाईलाई प्राथमिकतामा राखेको छ। प्रत्येक वडा र गाँउपालिकामा हरेक वर्ष सामाजिक लेखा परिक्षण तथा सार्वजनिक सुनुवाई गर्ने गरिएको छ। स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा विधि परिक्षण गोष्ठिमा गाँउपालिकाका जनप्रतिनिधी, गाँउपालिकाको सूचना शाखा र कर्मचारीहरुसँगको छलफलबाट गाँउपालिकाको सुशासनको अवस्था तलको तालिका अनुसार रहेको पाइयो।

**तालिका नं 6 खार्पूनाथ गाँउपालिकाको सुशासनको अवस्था**

| क्र.सं | सस्थागत संरचना | विवरण |
|---|---|---|
| १ | जलवायु परिवर्तनका सम्बन्धि काम गर्ने शाखा | छुट्टै शाखा नभएपनि वातावरण तथा फोहोरमैला व्यवस्थापन शाखा मार्फत कार्यसम्पादन गरिएको |
| २ | जलवायु परिवर्तन र विपद्सँग काम गर्ने संघ सस्था र नागरिक समाज | मट म्याकडोनाल्ड, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ |
| ३ | समन्वय संयन्त्र | गाँउपालिकामा समन्वय गर्नलाइ छुट्टै संयन्त्र स्थापित |
| ४ | जलवायु परिवर्तन सम्बन्धि कार्यक्रमहरु र परियोजना | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ |
| | **संस्थागत प्रक्रिया** | |
| १ | कार्यविभाजन र नीतिगत व्यवस्था | मन्त्रालयको परिपत्र अनुसार कर्मचारीको व्यवस्था भएको |
| २ | पारदर्शिता र सूचनाको पहुँच | सूचना शाखा स्थापना गरिएको साथै गै.स.स सहयोगको लागि छुट्टै शाखा स्थापना गर्ने क्रममा रहेको |



कर्ण बहादुर रावल
अध्यक्ष

| | | |
|---|---|---|
| ३ | योजना, कार्यन्वयन र अनुगमन संयन्त्र | योजना, कार्यान्वयन र अनुगमन संयन्त्र रहेको |
| ४ | प्रभावकारिता,मितव्ययीता | योजना कार्यान्वयन र अनुगमन संयन्त्र र आर्थिक प्रशासन शाखा रहेको |
| ५ | जलवायु परिवर्तन सम्बन्धि बजेट विनियोजन (आन्तरिक श्रोत) | केहि मात्रामा गरिएको |
| ६ | वित्तीय संयन्त्र | आर्थिक प्रशासन शाखा रहेको सो अन्तर्गत लेखा, प्रशासन, राजश्व र आन्तरिक लेखा परिक्षण शाखा रहेको |
| ७ | जलवायु परिवर्तन सम्बन्धि योजना छनौट तथा कार्यान्वयन | जलवायु परिवर्तन सम्बन्धि  क्षमता विकास तालिमहरु गरिएको |
| ८ | विषयगत क्षेत्रमा  जलवायु परिवर्तन सम्बन्धि योजनाहरुको समायोजन | केहि मात्रामा गरिएको |



कर्ण वहादुर रावल
अध्यक्ष

## परिच्छेद ३ : अनूकुलन कार्ययोजनाको बिधि र प्रक्रिया

### ३.१ अनकूलन कार्ययोजनाको तर्जमू बिधि र प्रक्रिया

अनुकूलन योजना तयार गर्दा जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७, परीमार्जीत स्थानीय अनुकूलन कार्य योजनाको राष्ट्रिय संरचना २०७६, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ र वातावरण निति २०७६ लाई आधार मानिएको छ। स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना (लापा) को राष्ट्रिय संरचनाका ६ चरण अन्तर्गत विभिन्न सहभागितामूलक विधि तथा औजारहरुको प्रयोग गरी यो कार्ययोजना तर्जुमा गरिएको छ।




**चित्र नं 4 अनकूलन कार्ययोजनाको तर्जमू बिधि र प्रक्रिया**

स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा विधि गोष्ठि खार्पूनाथ गाँउपालिकामा जनप्रतिनिधीहरु र पालिका स्तरिय सरोकारवालाहरुलाई जलवायु परिवर्तन अनुकूलन सचेतिकरण गरेर शुरुवात गरिएको थियो। सो गोष्ठिमा गाँउपालिका क्षेत्रमा मुख्य मुख्य प्रकोपहरुको पहिचान साथै जोखिमहरुको विश्लेषण गरिएको थियो। त्यसैगरी वडा स्तरमा जलवायु परिवर्तन सम्बन्धी सचेतिकरण, प्रकोपको पहिचान र वस्तिहरु छनौट पश्चात् बस्तिहरुमा संकटासन्नता लेखाजोखा र अनुकूलनका क्रियाकलापहरुको पहिचान गरिएको थियो। वडामा संकटासन्न्ता लेखाजोखा, प्रकोप श्रोत नक्सांकन समेत तय गरी अनुकूलनका क्रियकलापहरु पहिचान गरिएको थियो। प्रत्येक क्रियाकलापहरुलाई विभिन्न सुचकको आधारमा प्राथामिकिकरण गरिएको थियो। प्रत्येक वडा बाट आएका सुचनाहरुलाई पुन गाँउपालिकामा प्रस्तुत गरिएको थियो। वडाहरुको स्तरीकरण, श्रोत नक्सांकन, गाँउपालिकाको जोखिम विश्लेषण, गाँउपालिका स्तरिय अनुकूलनका क्रियाकलापहरु पहिचान साथै वर्गिकरण गरिएको थियो।



कर्ण वहादुर रावल
अध्यक्ष




चित्र नं ७ स्थानिय अनुकुलन कार्ययोजना निर्माणमा अवलम्बन गरिएका चरण तथा प्रक्रियाहरु



कर्ण बहादुर रावल
अध्यक्ष

## परिच्छेद ४ : स्थानीय अनुकूलन कार्ययोजना तर्जुमाका चरणहरु

### ४.१ जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि

जलवायु परिवर्तन नविनतम विषयवस्तु भएकाले जलवायु परिवर्तनले पार्ने असर तथा प्रभावलाई सम्बोधन गर्नका लागि प्रभावकारी स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न जलवायुले के कस्तो असर पारेको छ, के कस्तो प्रभाव पार्न सक्दछ, अनुकूलनका विद्यमान अवसर वा चुनौती के के छन् र त्यसको सामना गर्नका लागि आवश्यक स्रोत र साधन कसरी जुटाउने आदि सूचना स्थानीय स्तरमा जानकारी गराउन गाँउपालिका स्तरमा १ वटा र वडा स्तरमा एक एक वटा सचेतना तथा अभिमुखीकरण क्रियाकलाप संचालन गरिएको थियो । सचेतना कार्यक्रममा सङ्कटासन्न समुदाय, स्थानीय निकाय, राजनीतिक दल, शैक्षिक एवं सेवा प्रदायक संघ-संस्था, विज्ञ, दलित, जनजाति, किसान, युवा र सर्वसाधारणलाई सहभागी गरिएको थियो । सचेतना अभिवृद्धि कार्यक्रमको लागि जलवायु परिवर्तन सम्बन्धी प्रस्तुति, फ्लेक्स चार्ट, सामुहिक छलफल, सामुहिक कार्य आदि प्रयोग गरिएको थियो ।

### ४.२ संकटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारी

यस प्रकृया मार्फत संकटासन्न व्यक्ति तथा समुदायहरु र जीविकोपार्जन तथा पर्यावरणीय प्रणालीको विवरण तयार गरी सो बमोजिम अनुकूलन र जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यक्रमहरु तयार गर्न मद्दत पुगेको छ । संकटासन्नता तथा अनुकूलन मूल्याङ्कन तथा लेखाजोखाका लागि मौसमी पात्रो, बाली पात्रो, ऐतिहासिक समय रेखा, संकटासन्नता नक्सांकन, जलवायु परिवर्तनको क्षेत्रगत प्रभाव, पारिस्थितिकीय प्रणालीमा परेका प्रभाव, जीविकोपार्जनका स्रोत र प्रकोप विच अन्तर सम्वन्ध, जोखिम तथा अनुकूलनको बिश्लेषण, अनुकूलनका उपायहरुको प्राथमिकिकरण र सेवा प्रदायक/संस्थागत विश्लेषण जस्ता सहभागितामूलक अभ्यास तथा विश्लेषण गरि सो बाट आएका नतिजाहरु तल उल्लेख गरिएको छ ।

### ४.२.१ प्रकोपको ऐतिहासिक घटनाक्रम

यस खार्पूनाथ गाँउपालिका, हुम्लामा विगतमा भएका विभिन्न जलवायुजन्य प्रकोपका घटनाक्रमहरुको प्रकृति र प्रभाव बिश्लेषण गर्न बिगत ३० बर्ष देखि हालसम्मको जलवायुजन्य प्रकोप, प्रभाव, प्रभावीत समुदाय र त्यससँग जुध्न समुहले गरेका प्रयासहरुका साथै सो प्रकोपको असरहरुको भविष्यको परिदृष्यको बारेमा खार्पूनाथ गाँउपालिकाको बस्तिहरु, वडा र पालिका स्तरमा जनप्रतिनिधिहरु, जेष्ठ नागरिक, वुद्धिजिवी तथा जानिफकारहरुको उपस्थितीमा समग्र विश्लेषण गरी संकटासन्नताको समग्र अवस्था निम्न तालिकामा उल्लेख गरिएको छ ।



कर्ण बहादुर रावल
अध्यक्ष

**तालिका नं 7 खार्पूनाथ गाँउपालिकाको ऐतिहासिक समय रेखा**

| क.सं. | प्रकोप | वर्ष | बारम्बरता (पटक) | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय वा वर्ग | भविष्यमा हुन सक्ने यसको प्रबृत्ति, असर तथा प्रभावहरु | बचाउका प्रयास र संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|---|
| १ | पहिरो | **वडा न १** | | | | | |
| | | 2044<br>2050<br>2052<br>2055<br>2058<br>2064<br>2066<br>2072<br>2076<br>2078 | १० | ● चीसामुलको पहिरोले ९ घरलाई असर गरेको । ५० रोपनी जती खेतबारीमा असर गरेको । गोप्काको पहिरोले ३२ घर जोखिममा, बस्तीनै स्थानान्तरण गर्नुपर्ने अवस्थामा पुगेको । अहिले असार देखि भदौ महिनासम्म गोप्काका घरहरुमा पहिरोको डरले नबस्ने गरेको । १५ रोपनी जती खेतबारीमा असर गरेको । ठुला ठुला ढुङ्गाहरु खस्न सक्ने जोखिममा ।<br>● कुलीबाँधको पहिरोले ६० रोपनि जती खेतबारीमा असर गरेको ।<br>● पहिराखोलाको पहिरोले ६ रोपनी खेतमा असर । ३ वटा सिञ्चाईमा असर, लालीखोला जलविद्युतमा असर । सिञ्चाइ पूर्णरुपमा बन्द भएको ।<br>● डुडेको पहिरो निरन्तर रुपमा पहिरो गएको । १६ घरलाई असर गरेको र घरनै विस्थापीत गर्नुपर्ने अवस्था, २५ रोपनी खेत बारीमा असर ।<br>● कैलाशमाण्डु खोलाको पहिरोले माथिल्लो प्युसाको १२० घरधुरीलाई असर गरेको ।<br>● मुसेडीको पहिरोले ५० रोपनी जती खेतबारीमा असर गरेको । ७ वटा जती खर्क (गोठ) मा असर गरेको ।<br>● पानीमुलडिलको पहिरोले १६ घरलाई असर गरेको ।<br>● लालीस्वास्थ्यचौकीको अगाडी र पछाडीको पहिरोले स्वास्थ्यचौकी जोखिममा ।<br>● ठुलाखोलाको पहिरोले घट्ट, हिड्ने बाटोमा असर गरेको<br>● चसेडिलको पहिरोले देउखुरीको ३० घरधुरीलाई असर । १०० रोपनी जती खेतबारीमा असर ।<br>● गेप्का आल्लेखाडाको पहिरोले ५० रोपनी खेतबारीमा असर । देउखुरीको कालेमाडु पहिरोले कर्णालीको तिर हुदै हिड्ने मुख्य बाटोलाई असर गरेको । | वडा न १ का सवै वर्ग र समुदाय | कुनै पनि पहिरो पूर्णरुपमा नियन्त्रण नभएकाले भविष्यमा यसको असर अझै बढ्न सक्ने र बस्तिनै स्थानान्तरण गर्नुपर्ने अवस्था आउने । | ● चीसामुलको पहिरोमा जलउत्पन्न प्रकोपको सहयोमा ४० वटा जती ग्यावीयन लगाएको तर सबै बगाएर कर्णालीमा पुर्‍याएको ।<br>● प्रदेश सरकारको सहयोगमा कुलीकाँधको पहिरो २०७५ सालमा नियन्त्रणको प्रयास गरीएको र केही मात्रामा जोखिम कम भएको<br>● RVWRMP II ले २०७६ सालमा सिञ्चाइको लागि केही सहयोग गरेको तर फेरी बगाएको ।<br>● डुडेको पहिरो नियन्त्रणका लागि २०७७ मा प्रदेश सरकारले सहयोग गरेको तर नियन्त्रण नभएको ।<br>● कैलाशमाण्डु खोलाको पहिरो नियन्त्रणका लागि NCCSP II ले सहयोग गरेको ।<br>● मुसेडीको पहिरो नियन्त्रणमा २०७६ सालमा प्रदेश सरकारले सहयोग गरेको<br>● लाली स्वास्थ्यचौकीको पहिरो नियन्त्रणका लागि NCCSP II ले २०७८ सालमा सहयोग गरेको तर आधा क्षेत्रमा मात्र काम भएकाले स्वास्थ्यचौकी अझै जोखिममा । |

कर्ण बहादुर रावल
अध्यक्ष

| क.सं. | प्रकोप | वर्ष | बारम्बरता (पटक) | प्रकोपले ल्याएको असर तथा प्रभावहरु | प्रभावित समुदाय वा वर्ग | भविष्यमा हुन सक्ने यसको प्रबृत्ति, असर तथा प्रभावहरु | बचाउका प्रयास र संस्थागत सहयोग |
|---|---|---|---|---|---|---|---|
| | | वडा न २ | | | | | |
| | | 2044<br>2047<br>2054<br>2057<br>2075<br>2077<br>2078 | ५ | ● ठुलो गाँउको पहिरोले १०० घरधुरीले केहि दिनका लागि घर छाडेको र अझैपनि ति घरहरु जोखिममा । २० रोपनी जती खेतबारीमा असर ।<br>● ओड्नेदौड्ने खोलाले गोरुहरु बगाएको<br>● ओड्नेदौड्ने खोला बामदेव टोलमा थालीको एक जना महिलालाई बगाएको<br>● बामदेवको पहिरोले गर्दा ४ रोपनी खेबारीलाई असर गरेको र ३ घरधुरी प्रत्यक्ष रुपमा प्रभावित भएको<br>● हिल्साको पहिरोले गर्दा २२ घर विस्थापित र १५ रोपनी खेतबारीमा असर गरेको । त्यस्तै खर्कबस्तीको पहिरोले १० घरधुरीलाई असर गरेको र दुई रोपनी खेतबारीमा असर गरेको । चौडा स्कुलको पहिरोले स्कुल, वडा भवन, भवानी मन्दिर, उप स्वास्थ्यचौकी र १२ घरधुरीलाई जोखिममा । १० रोपनी खेतबारीमा असर गरेको । घट्टेखोलाको काठको पुल बगाएको । वर्षैपिच्छे घट्टहरु बगाउने गरेको ।<br>● सेराडील भात्खानाको पहिरोले बाटो, घर र ७ रोपनी खेतीयोग्य जमीनमा असर गरेको<br>● हिल्सा, बामदेव, सेराडील मा कोदो, धान, खुर्सानी, आलु, मकै, चिनो, कागुनो, फाँपर आदि हिउँदे बालीमा ७५% असर गरेको | | | ● ठुलो गाँउको पहिरो नियन्त्रणका लागि २०७० र २०७३ सालमा जलउत्पन्न प्रकोप नियन्त्रण र गाँउपालिकाको सहयोगमा क्रमश: ३१ र ३३ ग्यावियन जाली लगाएको तर पुर्ण रुपमा नियन्त्रण नभएको ।<br>● हिल्साको पहिरो नियन्त्रणका लागि २०७८ सालमा ८० वटा ग्यावीयन लगाएको तर पूर्ण रुपमा नियन्त्रण नभएको ।<br>● बमदेवको पहिरो नियन्त्रणका लागि NCCSPII ले २५ वटा ग्यावियन लगाएको ।<br>● सेराडीलको पहिरोले बिगारेको बाटो समुदाय मिलेर बनाएको । |
| | | वडा न ३ | | | | | |
| | | 2072<br>2074<br><br>2078 | ६ | ● थनाकोटको बस्तीमा रहेको पहिरोले २०० घरधुरी जोखिममा ।<br>● हिउँखोलादेखि बुढेलीसम्म पहिरोले ठुलोगाँउको १०० घर जोखिममा ।<br>● गुम्बाधारा बस्तीको पहिरोले २६ घरधुरी जोखिममा र १०० रोपनी खेतबारीमा असर गरेको । | वडा न ३ का वस्ति तथा समुदाय | पहिरो तथा घटनाहरुको आवृति बढन सक्ने र क्षति पनि बढने | पहिरो नियन्त्रणका लागि समुदाय मिलेर कार्य गरेको तर नियन्त्रण नभएको । |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ● कारुङ्गाको गुवाखोला देखि गाँउ बस्तीको बाटोमा गएको पहिरोले बाटोमा असर गरेको, ५० घरधुरी जोखिममा र १०० रोपनी खेतबारीमा असर गरेको<br>● कारुङ्गा टोलमा पहिरो गएको । १० घरजती जोखिममा ।<br>● हुम्ला माविको वारीपारी वर्षेनी पहिरो जाने गरेको जसका कारण बस्ती १६ घरधुरी जोखिममा<br>● डुमजिउलाको पहिरोले ५० रोपनी खेतबारीमा असर ।<br>● डुण्ठेला देखि लर्बुसम्मको पहिरोले ठुलो गाँउको २५ घरधुरी जोखिममा रहेको र २०० रोपनी खेतबारीमा असर । | | | |
| | | वडा नं. ४ | | | | | |
| | | 12 | ३ | ● वडा न ४ को लेख गाँउमा ४ घर जोखिममा साथै बाटोमा क्षती हुनाले विद्यार्थीहरुलाई विद्यालय जान गाह्रो भएको । लेख गाँउको मिल, घट्टमा असर परेको<br>● ठाकाखोलाको बाटो भत्किएको । गुम्बाधारादेखि आल्लोपकाउनेसम्म पहिरोले माझगाँउको धान बालीमा असर गरेको<br>● चुलीविसौनादेखि ढुङ्गाहान्नेसम्म बाढीपहिरोले बाटो भत्काएर हिड्न गाह्रो भएको । छिप्रा गाँउमा मष्ट मन्दिरबाट गाँउ सम्म पहिरो गएको । | वडा न ४ का सबै वर्ग र समुदाय | लेख गाँउ र छिप्रा गाँउमा पहिरोको असर अझै बढ्न सक्ने ।<br><br>पहिरोका जोखिमले वस्ति अन्यत्र विस्थापित हुन सक्ने | स्थानीय समुदायले केही मात्रामा ढुङ्गाको पर्खाल लगाएर बचाउको प्रयास गरेका तर प्रभावकारी नभएको । |
| | | वडा न ५ | | | | | |
| | | 2042<br>2055<br>2070<br>2073<br>2078 | ५ | ● कुम्बुडामा गएको पहिरोले खर्पेल गाँउको सबै घरधुरी (१७० घरधुरी) जोखिममा । सिञ्चाइ कुलोमा असर गरेको ।<br>● भकुण्डा मा वि देखि मान्धारा स्कुलसम्मको पहिरोले मुलबाटो लाई असर, ३ रोपनी जग्गामा असर, १ जना मान्छेको मृत्यु भएको । ६ वटा गाइबस्तु मरेको ।<br>● मङ्खिाना खोलाको पहिरोले बाम्टा जाने मुल बाटो लाई असर गरेको ।<br>● क्रियापुत्री ठेलाको पहिरोले मुलबाटोलाई असर गरेको , १२ घरधुरीलाई असर गरेको, खानेपानीलाई असर गरेको<br>● पहिरोले गर्दा दुर्पागाँउका ५३ घरधुरी जोखिममा । | वडा नं ५ को खर्पेल गाउंका सबै घरधुरी तथा अन्य सबै वस्तिहरु | पहिरोको आवृतिहरु अझै बढन सक्ने र बस्तीहरुनै स्थानान्तरण गर्नुपर्ने । | ● कुम्बुडाको पहिरो नियन्त्रणका लागि NCCSP II ले सहयोग गरेको तर पूर्ण रुपमा नियन्त्रण नभएको ।<br>● बैकल्पिक बाटो प्रयोग गरेको साथै मानविय क्षति भएका घरधुरीहरुलाई राहत प्रदान गरिएको<br>● क्रियापुत्री ठेलापहिरोले बिगारेको बाटो समुदाय मिलेर बनाएको । |

कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ● बाम्टादेखि खालापाटासम्मको बाटोमा असर । <br> ● हेमा देखि स्याला सम्मको पहिरोले मुल बाटोमा असर । हेमाको ३० रोपनी खेतबारीमा असर गरेको । <br> ● खर्पेलगाँउको २ घरधुरीको ६ जनाको मृत्यु भएको । बाटोको ९ घरधुरी विस्थापीत भएको । ताक्लाको हेल्थपोष्टको अगाडी पहिरो गएर हेल्थपोष्ट जोखिममा । ताक्लामा रामजीत शार्कीको घर भत्केको । याङ्चुमा ५ घरधुरीको अगाडीको गाह्रो भत्कीएको । बाम्टामा बागेश्वरी स्कुल जान बच्चाहरुलाई अप्ठ्यारो । हिन्यारीको घट्ट जाने बाटो र सिसमकोट जाने मुल बाटो लाई असर गरेको । | | | |
| २ | बाढी/नदी कटान | वडा नं. १ | | | | | |
| | | | | ● ठुला खोलाले हिड्ने बाटो र घट्टमा असर गरेको <br> ● हिल्से खोलाको कटानले घट्टहरुलाई क्षती गरेको | | | ● |
| | | वडा नं. २ | | | | | |
| | | 2057 <br> 2077 | | ● ओड्नेदौड्ने खोलाले बामदेव टोलमा थालीको एकजना महिलालाई बगाएको <br> ● घट्टेखोलाले बनाउँदै गरेको काठे पुल बगाँउदा लगभग २५ लाख बराबरको क्षती भएको । यस वडाका थाली, बामदेव, हिल्सा, चौराटोल, पारीगाँउ, खर्क, ढाड पाल्lाचौर, गड्याकोटोल लाई घट्टेखोलाले असर गरेको । खेत बारी कटान, घट्ट बगाउने , सिञ्चाइ कुलो बगाउने गरेको । | | | ● |
| | | वडा नं. ३ | | | | | |
| | | | | ● रायाटोलमा चीसामुल देखि कर्णाली नदीको किनारा सम्म लगभग ५ किमि क्षेत्रफल मुजाल खोलाले कटान गरेको । <br> ● गुवाखोलाले कटान गरेर खेतबारी एवं बस्तीलाई असर गरेको <br> ● हिउँखोलाको कटानले ठुलोगाँउलाई असर गरेको । | | | ● |
| | | वडा नं. ४ | | | | | |
| | | | | ● सिमखोलादेखि मेलगैरासम्म बाढी गएर नल्ला बस्तीको खानेपानी भत्काएको । | | | ● |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • लेख गाँउदेखि पुरानो स्कुलसम्म कार्तीक महिनामा गएको बाढीले मुल बाटोमा असर गरेको । लेख गाँउको ५ जनाको घर भत्काएको । | | | |
| | | वडा नं. ५ | | | | | |
| | | | | • दुर्पाको नौधारा खोलाको बाढीले ५० रोपनी खेत पुरेको । २० घरधुरीको घर अगाडी भासीएर घरहरु जोखिममा ।<br>• आङ्चुखोलाले सिञ्चाइ कुलो, काठे पुल बगाएको । ८ घरधुरीको घरको अगाडीको कान्ला भत्किएर घरहरु जोखिममा । ४ रोपनी खेतबारीमा असर गरेको ।<br>• मट्टिखाना खोलाले बाम्टा जाने मुल बाटोलाई असर गरेको ।<br>• बाम्टाको पिनेरी खोलाले २० रोपनी खेतबारी बगाएको । खानेपानी र मुल बाटोलाई असर गरेको ।<br>• याङ्चु खोलाले गाँउपालीकाको कार्यालय जोखिममा ।<br>• कर्णाली नदीले वर्षैपिच्छे ताक्ला बाम्टा देखि याङ्चु सम्म कटान गरेको ।<br>• नौधारा देखि ओगेन सम्म नौधारा खोलाले ५० रोपनी खेतबारीमा असर गरेको ।<br>• मीनीखोलाले मुल बाटोलाई असर गरेको । ३ कोठे मालीकादेवी दुधकुण्ड बाखापालन युवा बेरोजगार कृषक समुहको भवन भत्कीएको | | | • NCCSP II ले पिनेरी खोला कटान नियन्त्रणका लागि ६ लाख सहयोग गरेको तर नियन्त्रण नभएको । |
| ३ | ढुङ्गा खस्ने | | | • वडा नं. १ को माथिल्लो प्युसाको २०८ घरधुरी जोखिममा । त्यस्तै वडा नं १ को धाराखर्क डिलमा १६ घरधुरी जोखिममा । माथिल्लो लाली मा ६० घरधुरी जोखिममा ।<br>• वडा नं. ३ को ठुला गाँउको ११० घरधुरी जोखिममा । पुम्पडेमा ५ घर जोखिममा र ५ घर बिस्थापीत भएको । लर्बुमा १० घरधुरी जोखिममा र २०७८ सालमा ढुङ्गा खसेर १ घर भत्काएको । गुम्बा गाँउमा ४ घर जोखिममा । | | | • वडा नं. ३ को ठुला गाँउको माथी जिबिस ले २०७२ सालमा ढुङ्गा फुटाउन सहयोग गरेको । त्यस्तै वडा नं. ३ कै कारुङ्गामा गाँपालिकाले २०७७ सालमा ढुङ्गा फुटाउन सहयोग गरेको जसबाट १० घरधुरी जोखिममुक्त । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • वडा नं. ५ को खर्पेल गाँउको पारी खोलामा ढुङ्गा खस्न सक्ने जोखममा १० घरधुरी । त्यसैगरी दुर्पा गाँउको २० घरधुरी जोखिममा । | | | |
| ४ | सुख्खा खडेरी | 2064<br>2075<br>2076<br>2077<br>2078<br>2079 | | • २०७५ सालमा वडा नं. ५ याङ्चुमा धान कति पनि उत्पादन नभएको । गहुँ, चिनो, कादो फापर, सिमिमा ८०% ले उत्पादन कम भएको ।<br>• पानी नपरेर ५०% भन्दा बढी जग्गामा हिउँदे बाली नलगाएको । | | | • |
| | | वडा नं. १ | | | | | |
| | | 2054<br>2072<br>2075<br>2079 | | • पहिरा मुल सुकेको<br>• पीउसा पानी मुल कम भएको । गाईगोरुलाई पानी खुवाउन गाह्रो भएको ।<br>• पीउने पीनीरा मुल सुकेको । पहिरो खोला मुल सरेर ६० मिटर तल गएको । टयाङ्की बनाएर ९ घरधुरीले प्रयोग गर्ने गरेको पहिले । दर्बी मुल सुकेको । धारा थियो ४० घरधुरीले प्रयोग गर्ने गरीन्थ्यो ।<br>• चीसा मुल सुकेर २ वटा ट्याङ्की खाली भएको जसबाट ९ घरधुरीलाई प्रभाव परेको । त्यस्तै देउखुरी मुल सुकेर ३० घरधुरीलाई असर परेको साथै बाटो हिड्ने मानीसहरुलाई असर गरेको । | | | • |
| | | वडा नं. २ | | | | | |
| | | 2071<br>2075<br>2078 | | • पाल्लाचौर मुल कम भएको ।<br>• तल्लो कुसेडी मुल सुकेको । नौमुली मुलमा खानेपानीको टयाङ्की बनाएको तर मुल हिउँदमा पूर्ण रुपमा सुकेको । जुडुङ्गा नाउला हिउँदमा सुकेको ।<br>• सिमाखोला मुल हिउँदमा सुकेको ।<br>• चोखेल्ना थालीखापाको मुल सुकेर थाली, हिल्सा, चौराटोल, पारीगाँउ, खर्क, ढाड पाल्नाचौर, गड्याकोटोल लाई असर । खापा मुल सुकेर बामदेव टोललाई असर । ढाडा मुल सुकेर ढाडा गाँउलाई असर । | | | • |
| | | वडा नं. ३ | | | | | |



कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | 2072<br>2073<br>2074<br>2075<br>2077 | | ● चन्देउ धारा सुकेर गाईबस्तुलाई पानी खुवाउन गाह्रो भएको । विदाकुडील्ला पानी मुहान सुकेको ।<br>● वाइथाला मुल सुकेको । टिमिठ्याङ्ग पानीमुहान सुकेको ।<br>● ल्यागल्यागेको पानी मुल कुकेको ।<br>● चुम्बोल खानेपानी मुहान सुकेर ७ घरधुरीलाई असर ।<br>● लिगुरेको पानी सुकेको जसले गर्दा खेतमा सिञ्चाई गर्न अप्ठ्यारो भएको ।| | | | ● |
| | | वडा नं. ४ | | | | | |
| | | 2072<br>2073 | | ● लेख गाँउको खिरौली खाडा र सर्नालाको मुल सुकेको ।<br>● लाम्पाटामा खानेपानीको मुल सुकेर माभ्mा गाँउलाई असर गरेको । | | | ● |
| | | वडा नं. ५ | | | | | |
| | | 2074 | | ● खर्पेल गाँउको पानीमुल सुकेर ९० घरधुरीलाइ असर गरेको । | | | ● |
| ५ | कृषिमा रोगकिरा | | | ● धान र कोदोमा पात पहेलीने रोग लाग्ने गरेको<br>● कालो किरा, खुम्रे किरा ले कोदो, चिनो, मकैमा असर गरेको ।<br>● बन्दा काउलीमा, सीमी, खुर्सानीमा किरा लाग्ने गरेको<br>● स्याउमा ढुसी लाग्ने र किरा लाग्ने बढेको । | | | ● |
| ६ | पशुमा रोग | | | ● बाखामा लुतो, चरचरे, भ्यागुते रोग लाग्ने गरेको ।<br>● भेडा, बाखमा निमोनीय, PPR लाग्ने गरेको । कुखुरामा आखा बन्द हुने, टाउको सुनीने भएर मर्ने गरेको ।<br>● भेडालाई धेरै रोग लाग्ने गरेको । धक्ने र मर्ने गरेको ।<br>● कुखुरामा धेरै रोग लाग्ने गरेको । | | | ● |
| ७ | हावाहुरी | 2070<br>2074 | | ● हावाहुरीले वर्षेनी फलफुलहरुको फुल र फल उडाएर फल कम हुने गरेको | | | ● |



कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • वडा नं. २ को भात्खाना गाँउमा २०७० सालमा २ जनाको घरको छाना उडाएको ।<br>• रुख ढलेर बाटो अबरुद्ध भएको | | | |
| ८ | असीना | 2074<br>2079 | | • वडा नं. ५ मा असिनाले स्याउ, ओखरको उत्पादनमा ५०%ले कम भएको ।<br>• असीनाले तरकारी बाली लगाएत स्याउ र ओखर लाई वर्षेनी असर गर्ने गरेको । | | | • |
| ९ | वन्यजन्तुको असर | | | • बादर, दुम्सीले कृषी बालीमा असर गरेको<br>• स्याल, मोलछाप्रो, चीतुवा, भालुले पशुवस्तुमा असर गरेको । मोलछाप्रोले मौरीको घारहरुलाई असर गरेको ।<br>• भालुले वडा नं. ४ मा २०७८ मा १ जनालाई ग्याम्जी वनमा घाइते बनाएको<br>• भालुले २०७८ सालमा वडा नं. २ खर्कगाँउमा एक महिलालाई घाइते बनाएको । वडा नं. २ मा वर्षैपिच्छे १/२ जनालाई घाइते बनाउने गरेको । वडा नं. ५ मा २०६८ सालमा १ जनालाई घाइते बनाएको । त्यसैगरी वडा नं. ५ मा नै २०७६ सालमा दुर्पा गाँउमा १ जना महिलालाई घाइते बनाएको । | | | • Good Neighbor International ले वडा नं. ५ मा भालुले घाइते बनाएको महिलालाई औषधी उपचार गर्न सहयोग गरेको । |
| १० | तुषारो | | | • तुषारोले पशु र हिउँदे बालीमा असर गरेको (गहुँ, आलु, चीनो, फापर, सीमी आदि)<br>• तुषारोले १ महिना सम्म हवाइजहाज नआँउदा खाद्यान्न महङ्गो भएको । | | | • |
| ११ | मिचाहा प्रजाती | | | • २०७० साल पछि पाती फुल, कुरो, माओवादी झार देखिएको । | | | • |
| 13 | हिमपात | | | • हिमपात बढि हुँदा पशुबस्तु हरुलाई चराउन तथा हिडडुल गराउन गाह्रो भएको । बाटो चिप्लो भएर पशुवस्तु चिप्लिएर मर्ने गरेको । | | | • |
| १४ | | | | • | | | • |

कर्ण बहादुर रावल
अध्यक्ष

**निष्कर्ष :** खार्पूनाथ गाँउपलिकामा सबैभन्दा बढि पहिरोका घटना रहेका छन् भने त्यसपछि क्रमश ढुङ्गा खस्ने, बाढी, सुख्खा खडेरी, कृषि तथा पशुमा रोगकिरा, वन्यजन्तुको प्रभाव, असिना, हावाहुरी, मिचाहा प्रजातीको प्रकोप रहेका छन् । स्थानीय सहभागिता र अनुभवका आधारमा बनाइएकाले घटनाक्रमहरुको परिमाण यति नै हो भन्न नसक्ने स्थानीयहरुको भनाई थियो । सबैभन्दा बढि आवृत्ति पहिरो र बाढीका घटनाहरु भएपनि खडेरी र किराको प्रकोपहरु पनि निरन्तर बढेको देखिन्छ ।

### ४.२.२ परिवर्तित प्रकोप तथा मौसमी पात्रो

स्थानीय मौसम र मौसमी अवस्था, बाली तथा प्रकोपमा आएको परिवर्तन बारे जानकारी हासिल गर्न परिवर्तित प्रकोप तथा मौसमी पात्रो विधिको प्रयोग गरिएको थियो । समुदायका ज्येष्ठ नागरीक, बुद्धिजीवीसंगको छलफलबाट भएको जलवायु सम्बन्धी जानकारी तथा विवरणका आधारमा तापक्रम, वर्षाको स्वरुप, बिरुवाको व्यवहार, प्रकोपको स्वरुप आदिमा आधारित रही पात्रो तयार गरिएको थियो । मौसमी पात्रो सम्बन्धि जानकारी हासिल गर्न बिगतको करिब ३० वर्ष पहिले र हालको बारे तुलनात्मक अध्ययन गरी प्रकोप, तापक्रम, बाली आदि हुने समयमा परिवर्तन आएको वा नआएको प्रस्ट समुदायमा देखिएको थियो । खार्पूनाथ गाँउपालिकामा तयार पारिएको परिवर्तित प्रकोप तथा मौसमी पात्रो तलको तालिकामा उल्लेख गरिएको छ ।



कर्ण बहादुर रावल
अध्यक्ष

तालिका नं ८ परिवर्तित प्रकोप तथा मौसमी पात्रो

| सम्मुखताको क्षेत्र | सूचकहरु | समय | वैशाख | ज्येष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विरुवाको व्यवहार | जटामसी संकलन | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | कुट्की | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | वन लसुन | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| कृषि बाली | धान | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | गहुँ | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | कोदो | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | सिमि | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| पशु पालन | पशु खर्क लाने समय | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| प्रकोपको स्वरुप | बाढीको घटना | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | पहिरोको घटना | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| जीविकोपार्जनका क्रियाकलापहरु पाखे धान | स्थानीय धान लगाउने | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | स्थानीय धान काट्ने | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| भौतिक जानकारी | | पहिले | | | | | | | | | | | | | |





कर्ण बहादुर रावल
अध्यक्ष

| सम्मुखताको क्षेत्र | सूचकहरु | समय | वैशाख | ज्येष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पानीको मूल फुट्ने | अहिले | | | | | | | | | | | | | |
| बर्षातथा यसको स्वरुप | मनसुनी वर्षा | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | हिउदे वर्षा | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | गर्मी | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | जाडो | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |
| | तुसारो पर्नु | पहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |

नोट : पहिले भन्नाले ३० वर्ष भन्दा माथि र अहिले भन्नाले विगत ५ वर्ष देखि यताको समय सम्झनु पर्छ ।

मौसमी तथा बाली पात्रोको विश्लेषण गर्दा स्थानीय स्तरमा जाडोको समयावधि घटदै गएको, गर्मीका दिनहरु लम्बिएको र तुलनात्मक रुपमा तातोपना बढेको पाइएको छ । मनसुनी तथा हिउँद वर्षाको समयावधि, मात्रा र तौरतरिकामा फेरबदल आएको देखिन्छ । पहिलेको तुलनामा मौसमी बर्षातको अवधि करिब तीन हप्ताले कम र ढिला हुने गरेको तर बर्षा हुँदा एक्कासि हुने र एकै पटक ठूलो मात्रामा बर्षा हुने गरेको देखिन्छ । हिउँदे वर्षाको अवधि भने एक महिना ढिलो र छोटो हुने गरेको पाइएको छ । अनियमित प्रकृतिको वर्षाले आकाशे खेतीमा निर्भर यहाँका किसानलाइ खेती गर्न समस्या उत्पन्न हुनुका साथै एक्कासी पर्ने ठुलो पानीले भेल बाढी आइ्र भूक्षय, बाढी र पहिरो जस्ता प्रकोपका घटना निम्त्याउने गरेको पाइयो । तुसारो लाग्ने समयावधि पहिलेको तुलनामा दुइ महिनाले घटेको देखिएको छ । त्यसैगरी गर्मीका दिनहरु बढेको र पानी पर्ने समयमा फेरबदल भएको कारणले गर्दा खेतीपाती गर्ने समयमा पनि हेरफेर भएको देखिन्छ । यहाँका प्रमुख बालीहरु धान, गहुँ, सिमि र  र आलु लगाउने समयावधिमा पहिलेको तुलनामा परिवर्तन आएको छ । त्यसैगरी बर्षायाममा पानीका मुल फुट्ने क्रम पनि निकै कम भएको पाइएको छ । यसरी जलवायुमा आएको परिवर्तनको प्रत्यक्ष असर कृषिमा मात्र नभई मानव स्वास्थ्य लगायत पानीका मुहानहरु, वन तथा जैविक विविधतामा समेत परेको देखिन्छ । यस प्रकारका परिवर्तनहरुले स्थानीय बासिन्दाहरुको जीविकोपार्जनमा प्रत्यक्ष असर पार्नुका साथै उनीहरुको दैनिकीलाई थप चुनौतीपूर्ण बनाएको देखिन्छ  ।



कर्ण बहादुर रावल
अध्यक्ष

### ४.२.३ तापक्रम र बर्षाका तथ्यांकहरुको विश्लेषण (climate profile )

### ४.२.४.१ औसत न्युनतम तापक्रम र अधिकतम तापक्रमको विश्लेषण

४.२.२ जलवायू तथ्यांक

सन १९८० देखि सन २०१९ सम्मको दार्मा स्टेशनको तथ्याकं अनुसार अधिकतम बार्षिक बर्षा १९६६.४ मिलिलिटर रहेको छ भने न्युनतम बार्षिक बर्षा ४१६.९ मिलिलिटर रहेको छ। सो स्टेशन अनुसार बार्षिक बर्षा १.७९५ मिलिलिटरले घटेको देखिन्छ ।




**चित्र १ : हुम्ला जिल्लाको औषत वार्षिक वर्षा**

त्यस्तै सन १९९० देखि २०१८ को सिमिकोट स्टेशन अनुसार हुम्ला जिल्लाको बार्षिक तापक्रम ०.१०३ डिग्रि सेल्सियले बढेको देखिन्छ।



कर्ण बहादुर रावल
अध्यक्ष




**चित्र २ : हुम्ला जिल्लाको औषत वार्षिक तापकम**

खासगरी हिउदे बर्षा तथा हिउँ तथा मनसुनी बर्षा हुने यस क्षेत्रमा जलवायु परिवर्तनको असर प्रत्यक्ष रुपमा देखा परेको अवस्था महसुस गरिएको छ । अनिमियत तथा एक्कासि हुने वर्षा तथा हिमपातको कारण जनजीवनमा प्रत्यक्ष रुपमा असर परेको देखिन्छ ।

### ४.२.४ सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन

माथि उल्लेखित मौसमी पात्रो, ऐतिहासिक घटनाक्रमको समयरेखा विश्लेषणको माध्यमबाट एकिन गरिएका प्रमुख प्रकोपले प्रभावित पारेका क्षेत्रलाई खार्पूनाथ गाँउपालिकाको नक्सामा चित्रित गर्न यो विधिको प्रयोग गरिएको छ । सहभागितामूलक तरिकाले तयार गरिएको तल उल्लेखित नक्सामा जलवायुजन्य प्रमुख प्रकोप दोहोरिन सक्ने स्थान र प्रभावित हुनसक्ने वस्ती तथा समुदाय देखाइएको छ ।



कर्ण बहादुर रावल
अध्यक्ष




**चित्र नं 6 खार्पूनाथ गाँउपालिकाको सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन**

वडाको सङ्कटासन्नता र क्षमता पहिचान गर्न वडाभित्र रहको प्राकृतिक तथा गैर प्राकृतिक साधन, स्रोत आदि उल्लेख भएको सामाजिक नक्सा समुदायका प्रतिनीधिको प्रत्येक्ष सहभागितामा तयार गरी गाँउपालिकाको वास्तविक अवस्थाको विश्लेषण गरिएको छ । यसरी तयार भएको नक्सामा समुदायको अवस्थिति, विभिन्न प्रकोपहरु तथा प्रकोपले क्षति गर्नसक्ने जिविकापोजर्नका श्रोतहरु, खोला तथा नदीनाला, पोखरी, खेतियोग्य जमिन, बाटो तथा सडक सञ्जालहरू, सामदुायिक भवनहरू, विद्यालय, स्वास्थ्य सेवा केन्द्रहरू, वनजङ्गल, गाउपाँलिका भवन, बिजुली, खुला र सुरक्षित आश्रय स्थलहरू वा आश्रयस्थलका लागि उपयुक्त क्षेत्र, पक्की बाँध, वृक्षारोपण गरिएका क्षेत्र, खानेपानी, सरसफाइको अवस्था स्पष्ट रूपमा देखाईएको छ। नक्साको दायाँतफ पूर्व, बायाँतर्फ पश्चिम, माथितिर उत्तर र तलतिर दक्षिण पर्ने गरी नक्सा बनाइएको छ। संकटासन्न क्षेत्र (बाढी पहिरो) लाई रातो रंग वा रंगको घेराभित्र, नदीलाई निलो, बाटोलाई कालो, वनलाई हरियो आदि रंगले देखाइएको छ भने नक्सामा प्रयोग भएका सूचकहरुको विवरण पनि नक्सामा खुलाइएको छ। नक्सा तयार गर्दा वडा अध्यक्ष र प्रतिनीधीहरु, सबै क्षेत्र र वर्ग (महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङकटासन्न समुदाय तथा व्यक्तिहरू, बालबालिका एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चित गरिएको थियो ।

कर्ण बहादुर रावल
अध्यक्ष

## पहिरो जोखिम

पहिरो जोखिम भन्नाले एक निश्चित समय र एक निर्दिष्ट क्षेत्र भित्र एक संभावित क्षतिग्रस्त पहिरोको घटनाको र सो ले गर्ने क्षतिको सम्भावना हो । जोखिम सामान्यतया नक्शामा देखाइन्छ, जसले जोखिम वर्गहरूको स्थानीय वितरण ( Landslide hazard zonation) चित्रित गर्दछ ।




**चित्र नं 7 खार्पूनाथ गाँउपालिकामा रहेका पहिराहरुको नक्सा**

**तालिका नं 9 गाँउ क्षेत्रमा भएका मुख्य पहिरो तथा प्रभावित समुदाय र घरधुरीको विवरण**



कर्ण बहादुर रावल
अध्यक्ष




**चित्र नं 8 गाँउपालिकाको पहिरो जोखिम नक्सा**

## बाढीको जोखिम

कर्ण बहादुर रावल
अध्यक्ष







**चित्र नं 9 खार्पूनाथ गाँउपालिकाको बाढी जोखिम नक्सा**

कर्ण बहादुर रावल
अध्यक्ष

## ४.२.५ जोखिमको रुपरेखा

यस विधिको प्रयोगबाट खार्पूनाथ गाँउपालिका क्षेत्रमा हाल विद्यमान प्रकोपहरु, ती प्रकोपहरुबाट भईरहेका र भविष्यमा हुन सक्ने समस्याको अवस्था तथा प्रकोप बाट प्रभावित र प्रभावित हुन सक्ने संकटासन्न समुदायहरुको विश्लेषण गरिएको थियो ।

**तालिका नं 10 खार्पूनाथ गाँउपालिकाको जोखिमको रुपरेखा**

| प्रकोप | संकटासन्नता तथा जोखिम | अहिलेको अवस्था | भविष्यमा हुन सक्ने |
|---|---|---|---|
| पहिरो तथा भू-क्षय | संकटासन्न | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), कृषक, घरपालुवा पशुपंछी तथा वन्यजन्तु | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), कृषक, घरपालुवा पशुपंछी तथा वन्यजन्तु |
| | जोखिम | सानो सानो हुँदै पहिरोले ठुलो रुप लिएको, उत्पादनयोग्य जमिन कटानी गर्दै गएको, उर्बर माटो बगाइ लगेको , पहिरोले बेसीमा भएका खेतमा थेग्रान जम्मा गरेको, पहिरोले बाटो र बस्तीका घर पनि बगाउन सक्ने अवस्था आएको, तल्लो भेगका बस्ती पुरीन सक्ने र माथिल्लो भेगका बस्ती भर्न सक्ने संभावना बढेको, पहिरोले वस्तिहरु भासिएको | पानी पर्ने तरिकामा फेरवदल आउनुका साथै अवैज्ञानिक तरिकाले बाटो घाटो निर्माण, भिरालो क्षेत्रमा भइरहेको खनजोत जस्ता क्रियाकलापहरुले गर्दा भविष्यमा पहिरोका घटनाहरु बढ्ने देखिन्छ । |
| बाढी | संकटासन्न | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), कृषक, घरपालुवा पशुपंछी तथा वन्यजन्तु | महिला, बालबालिका, बृद्धबृद्धा (ज्येष्ठ नागरिक), कृषक, घरपालुवा पशुपछी तथा वन्यजन्तु |
| | जोखिम | बाढीले खोला तथा तटिय क्षेत्रको कृषि योग्य जमिन कटान तथा पटान गर्ने, भौतिक संरचनाहरुमा क्षति गर्ने गरेको, बाढीले घरखेत नै बगाउने गरको, मानिस पशुपंक्षी तथा धनजनको क्षति गराउने गरको | पानी पर्ने तरिकामा फेरवदल आउनुका साथै अवैज्ञानिक तरिकाले बाटो घाटो निर्माण, भिरालो क्षेत्रमा भइरहेको खनजोत पुर्वाधार विकास, र भुउपयोगितामा आएको परितर्वन जस्ता क्रियाकलापहरुले गर्दा भविष्यमा अस्वभाविक स्थानहरुमा अस्वभाविक हिसाबको बाढीका घटनाहरु बढ्ने देखिन्छ । |
| आगलागी / वन डढेलो | संकटासन्न | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), कृषक, घरपालुवा पशुपंछी तथा वन्यजन्तु, जडीबुटी संकलक | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), कृषक, घरपालुवा पशुपंछी तथा वन्यजन्तु |
| | जोखिम | धन जनको क्षती, मानव पशुपंछी मर्ने, घाईते हुने, भण्डारण गरेको खाद्यान्न नाश, रुखविरुवा, चराचुरुंगी तथा अन्य वन्यजन्तुमा क्षति, घाँस तथा जडिवुटिका प्रजातिहरु लोप हुँदै गएको, बोट | हाल खडेरीको प्रकोप बढ्दै गएकोले आगलागीको घटना पनि बढ्ने देखिन्छ । |



कर्ण बहादुर रावल
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | | विरुवाको वृद्धि विकासमा असर, वन्यजन्तुहरु लोप हुँदै गएको | |
| असिनापानी | संकटासन्न | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), कृषक, घरपालुवा पशुपछी तथा वन्यजन्तु | महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), कृषक, घरपालुवा पशुपंछी तथा वन्यजन्तु |
| | जोखिम | खाद्यबाली, फलफुल, नगदेबालीको क्षति हुने, खाद्यान्नको उत्पादनमा र गुणस्तरमा ह्रास, कहिलेकाहीं बिउको लागि पनि जोगाउन नसकेको दृष्टान्त, पशु चौपायामा क्षति, तरकारी खेतीमा उच्च प्रभाव, उर्जाशिल जनशक्ति पलायन बाहिरी स्रोतबाट खाद्यान्नको आपुर्ति बढ्ने, मनौविज्ञानमा असर पर्ने, खाद्य संकट, कुपोषण हुने | असिना पानीको बारम्बारतालाई हेर्दा भविष्यमा असिनापानीको समस्या बढ्दै जाने देखिन्छ जसले गर्दा पालिकाको खाद्यबाली, नगदेबालीको क्षति हुने, खाद्यान्नको उत्पादनमा र गुणस्तरमा ह्रास आउने देखिन्छ । |
| पशुमा रोग | संकटासन्न | पशुपालक किसान, गोठालाहरु, महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक) | पशुपालक किसान, गोठालाहरु, महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक) |
| | जोखिम | पशुमा विभिन्न किसिमका रोगमा वृद्धि, पशु चौपाया मर्ने, बथान नै मर्ने, पशुपंक्षीबाट मानिसमा संक्रामक रोगहरु सर्न सक्ने, दुध, मासुको उपलब्धता घट्ने, पशु स्वास्थ्य सेवाको खर्च बढ्ने | भविष्यमा पशुमा रोग बढ्दै जाने देखिन्छ, पशुपालनमा मानिसको चाहना हराउन सक्ने, यो सँगसँगै पशु स्वास्थ्य सेवाको पनि बिस्तार हुनेछ, पशु स्वास्थ्य सेवामा मानिसहरुको पहुँच वृद्धि हुनेछ । |
| मानव रोग | संकटासन्न | गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा ( ज्येष्ठ नागरिक), विद्यार्थी, शिक्षक, अभिभावक, जडीबुटी संकलक, मजदुर, पशुपालक | गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा ( ज्येष्ठ नागरिक), विद्यार्थी, शिक्षक, अभिभावक |
| | जोखिम | झाडापखाला, आँखा पाक्ने रोग, औलो, टाईफाईड आदीको संक्रमणमा वृद्धि, गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा ( ज्येष्ठ नागरिक), ले क्षमता अनुसारको कार्य सम्पादन गर्न नसक्ने, , स्वास्थ्य सेवा प्रदायकहरुमा भीड हुनु, खर्चमा वृद्धि हुनु, घरभित्र हुने वायु प्रदुषणका कारणले खाना बनाउने समयमा घरभित्र धेरै समय बिताउने गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), विद्यार्थीलाई श्वासप्रश्वास सम्बन्धी समस्या बढ्दै गएको छ भने कोराना जस्ता नया भाईरसको प्रकोप बढने | चाउचाउ, फ्रुटी, चिसो पियपदार्थहरुको प्रयोगले सबै स्थानीयहरु, विशेष गरी महिला तथा बालबालिकामा नकारात्मक प्रभाव पर्न सक्छ । दूषित खाद्य पदार्थको उपभोगबाट उत्पन्न हुने रोगहरूको फैलावट बढ्नेछ, सुनौला हजार दिनका आमाहरु सुरक्षीत पोषण नपाएर कमजोर हुने, गर्भमै बच्चा मर्ने, रक्तअल्पता हुने जस्ता समस्याबाट ग्रसित हुनेछन्, बच्चाहरु कुपोषित हुन सक्नेछन् । प्रदुषणजन्य रोग बढ्नेछ, स्वास्थ्य सेवाको पनि विस्तार हुनेछ, स्वास्थ्य सेवामा मानिसहरुको पहुँच वृद्धि हुनेछ, खर्च वृद्धि हुनेछ । |
| **खडेरी** | संकटासन्न | गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा ( ज्येष्ठ नागरिक), जडीबुटी संकलक, पशुपालक | गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा ( ज्येष्ठ नागरिक), जडीबुटी संकलक, पशुपालक |
| | जोखिम | वनजंगलहरुमा धेरै सुख्खापन बढी आगलागीका घटनाहरु बढेको, पानीका | उत्पादनमा कमी, खाद्य असुरक्षा, मिचाहा प्रजातीको जोखिम बढ्ने, कृषि रोग, पशु |



कर्ण बहादुर रावल
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | | मुहानहरु सुक्दै गएका, खानेपानीको अभावका साथै दैनिक जीवनका लागी आवश्यक घाँस, दाउराको कमी भएको, खानेपानी र सिँचाइको पर्याप्त सुविधा नभएको ठाँउमा खेतीपाती गर्न कठिनाई भई उत्पादनमा कमी आएको र बोटबिरुवामा वर्षेनी विभिन्न किसिमका रोग र किरा बढ्ने गरेको, ज्यादा सुख्खा भइ भुक्षय भएका र अन्न उब्जनी कम अनि पर्याप्त अनाजको उब्जाउ नभएको, अन्न र पानीको कमी पशुपंक्षी र मानवलाई पनि विभिन्न सरसफाइको कमीले हुने एवम् संक्रामक रोग लाग्ने क्रम बढेको, पानी कृषि र अन्नमा बढी समय र खर्च बढेको सिंचाई कुलोमा पानीको उपलब्धतामा कमि आएको हरियो घासको अभाब, चरण क्षेत्र घटेको | रोग, मानवरोगमा वृद्धि, पानीका थप मुहानहरु सुकेको, आगलागीका घटनाहरु वृद्धिले गर्दा भविष्यमा खडेरीका घटनाहरु अझै बढ्ने, मरुभुमीकरण हुन सक्ने, बढदो गर्मि तथा पानीका मुहानहरु सुक्ने कारणले गर्दा स्वच्छ पिउने पानीको अभाव भई अझै नयाँ नयाँ खालका रोगहरु देखा पर्ने सम्भावना देखिन्छ । |
| **हावाहुरी** | संकटासन्न | गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा ( ज्येष्ठ नागरिक), विद्यार्थी, शिक्षक, अभिभावक, जडीबुटी संकलक, मजदुर, पशुपालक | गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा ( ज्येष्ठ नागरिक), विद्यार्थी, शिक्षक, अभिभावक, जडीबुटी संकलक, मजदुर, पशुपालक |
| | जोखिम | मकै, स्याउ, धानका बोटहरु ढालिदिने र उत्यादनमा ह्रास आउने, घर गोठ, विद्यालयहरु छानाको उडाएको, पठनपाठन बन्द भएको, आरन, घट्टको छानाको उडाएको, फलफुलको बोटहरु भाँचिदिएको | भविष्यमा हावाहुरीका घटनाहरु वृद्धि भई कृषि क्षेत्रमा हुने क्षति बढे तापनि भौतिक पूर्वाधारमा कम क्षति पर्ने देखिन्छ । |
| **चट्याङ्ग** | संकटासन्न | गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा ( ज्येष्ठ नागरिक), विद्याथी, मजदुर, पशुपालक | गृहिणी महिला, बालबालिका, वृद्धृद्धा ( ज्येष्ठ नागरिक), विद्यार्थी, मजदुर, पशुपालक |
| | जोखिम | पशु चौपायामा क्षति, मानव जनजिवनको क्षति, विद्युतीय उपकरणहरु, सोलार प्यानलहरुको नाश | गोठ राख्ने चलन क्रमश हट्दै जाने, पशुचौपाया उन्नत जातको बधुवा पाल्ने क्रम बढ्ने छ, अत उच्च क्षेत्रमा चट्याङ्गसँगको पशुचौपाया र गोठालाको सम्मुखता घट्ने छ, ग्रामिण विद्युतीकरणसँगै अर्थिकको व्यवस्थाले घरमा चट्याङ्गको प्रभाव कम पर्ने छ । |

### ४.२.६ संकटासन्न वर्ग तथा समुदाय पहिचान (Differnetial impact)

प्रकोपले सिर्जना गरेका असरहरु विश्लेषण गरी उमेर समुह, लिंग, सामाजिक स्तर, वर्ग र जातजाती अनुसार पर्ने र पारेको प्रभावहरुमा छलफल गरियो । प्रकोपका असरहरुले समुदायका वर्ग, जातजातिमा कस्ता कस्ता प्रभाव पारेका छन्



कर्ण बहादुर रावल
अध्यक्ष

र ति प्रभावहरु कुन समुहमा बढि असर गर्दछन् भन्ने सवालहरुमा छलफल गरि सबै भन्दा उच्च असर पार्ने लाई ३, मध्यमलाई २ र न्युन असर गर्नेलाइ १ अंक दिएको थियो ।

**तालिका नं 11 संकटासन्न वर्ग तथा सामाजिक समुहहरुको पहिचान**

| प्रकोप | प्रकोपका असरहरु | प्रकोपको संकटासंन्न वर्ग | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उमेर समुह | | | | लिंग | | आर्थिक स्तर | | | | सामाजिक स्तर | | जातजाति | |
| **पहिरो तथा भूक्षय** | खेती योग्य जमिनमा क्षति, घरगोठ तथा चौपायामा क्षति, मानबिय क्षति, वालीनाली नष्ट, सिंचाइ कुलोमा क्षति, पानीका मुहानमा क्षति, बाटाघाटामा क्षति, वस्ती जोखिममा | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | १ | ३ | २ | ३ | २ |
| **बाढी** | खेती योग्य जमिन कटान, वाली नाली नष्ट, माइक्रो हाइड्रोमा क्षती, सिंचाइ कुलोमा क्षति, पानी घट्टमा क्षति, पानीका मुहानमा क्षति, पशुचौपायाका क्षति, मानबिय क्षति | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | १ | ३ | २ | ३ | २ |
| | | | | | | | | | | | | | | | |
| **आगलागी** | वोटविरुवाहरु नष्ट, जनावरहरुका क्षति, घर गोठ मा क्षति, | १ | ३ | ३ | १ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ |
| **खडेरी** | पानीका मुहान सुकेका तथा पानीका मात्रा घटेका, कृषि उत्पादनमा कमी, वन तथा जैविक विविधतामा क्षति तथा असर, मानव रोगमा वृद्धि । | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | ३ | २ | २ |
| **हावाहुरी** | विद्यालय तथा घरका छानाहरु उडाएको, जंगलमा वोटविरुवाहरु ढलेको, मकै वालीमा क्षति | ३ | २ | २ | २ | ३ | ३ | ३ | २ | १ | १ | ३ | २ | ३ | १ |
| **असिनापानी** | धान, गहुँ, जौ जस्ता अन्नबाली तथा फलफुल खेतीमा क्षति | ३ | २ | २ | २ | ३ | ३ | ३ | २ | १ | १ | ३ | ३ | ३ | १ |
| **बालीमा रोगकिरा र महामारी** | मकै, गहुँ, धान जस्ता अन्नबाली तथा तरकारीबालीमा बिभिन्न रोग लागेर कृषि उत्पादनमा कमी | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | २ | ३ | १ |
| **पशुरोग र महामारी** | पशुचौपायको मृत्यु, आर्थिक नोक्सानी | ३ | २ | २ | ३ | ३ | २ | ३ | २ | १ | १ | ३ | २ | ३ | १ |

जलवायु परिवर्तनबाट प्रभावित समूह, लिंग तथा समुदायको विश्लेषण गर्दा जलवायु परिवर्तन र जलवायुजन्य प्रकोपहरु (बाढी, पहिरो, ढुङ्गा खस्ने, खडेरी, कृषिमा रोग, हावाहुरी, पशुमा रोग, हिमपात/हिमपहिरो,चट्याङ्ग आदि) बाट सबैभन्दा बढी वालवालिका, महिला, अति विपन्न वर्ग तथा जातजातिको आधारमा दलितहरु र सामाजिक स्तरको हिसाबले एकल महिला र फरक क्षमता भएका ब्यक्तिहरु उच्च संकटासन्न रहेको देखिएको छ भने ती प्रकोपहरुको सामना गर्न सक्ने क्षमता तुलनात्मक रुपमा कम रहेको देखिन्छ ।

### ४.२.७ प्रकोपको प्राथमिकिकरण

यस विधिको प्रयोगबाट ऐतिहासिक घटनाक्रम तथा प्रकोप नंक्शाकनबाट पहिचान गरिएका खार्पूनाथ गाँउपालिका अर्न्तगतका ५ वडामा रहेका विभिन्न जलवायुजन्य प्रकोपहरु मध्ये सबैभन्दा बढी असर तथा प्रभाव पारेको प्रकोप कुन हो भनी स्तरीकरण गर्दै विश्लेषण गरिएको थियो ।



कर्ण बहादुर रावल
अध्यक्ष

वडामा पहिचान भएका प्रकोपहरुको आधारमा संकटासन्न अवस्थामा रहेको यस गाँउपालिका भित्रका वडाहरुमा भएको विगतका घटनाहरुलाई हेर्दा र वडामा गरिएको प्रकोप स्तरीकरणबाट पहिरो, बाढी, खडेरी, हुरीबतास, आगलागी, खडेरी असिना, चट्याङ्ग, हिमपात र जस्ता प्रकोपहरु पहिचान भएको छ । वडा स्तरमा भएका प्रकोपहरु तल दिइएको तालिका अनुसार रहेका छन् ।

| प्राथमीकीकरण | वडाहरु | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | |
| पहिलो | **ढुङ्गा खस्ने** | **पहिरो** | **सुख्खा खडेरी, वर्षा** | **सुख्खा खडेरी** | **सुख्खा खडेरी** | |
| दोस्रो | **वर्षा** | **वर्षा** | **पहिरो, रोगकिरा** | **पहिरो, वर्षा, रोगकिरा** | **वर्षा** | |
| तेस्रो | **पहिरो** | **सुख्खा खडेरी** | **बाढी/नदी कटान, पशुमा रोग** | **वन डढेलो** | **पहिरो** | |
| चौथो | **रोगकिरा** | **रोगकिरा** | **वन्यजन्तुको प्रकोप** | **पशुमा रोग** | **वन डढेलो** | |
| पाँचौ | **बाढी/नदी कटान, पशुमा रोग** | **बाढी/नदी कटान** | **ढुङ्गा खस्ने** | **वन्यजन्तुको प्रकोप, हिमपात** | **ढुङ्गा खस्ने** | |
| छैटौं | **वन डढेलो** | **ढुङ्गा खस्ने** | **वन डढेलो** | **असीना** | **बाढी/नदी कटान** | |
| सातौ | **वन्यजन्तुको प्रकोप** | **वन्यजन्तुको प्रकोप** | **हावाहुरी** | **हावाहुरी, बाढी/नदी कटान,** | **रोगकिरा** | |
| आठौ | **असीना** | **पशुमा रोग** | **तुषारो** | **तुषारो** | **पशुमा रोग** | |
| नवौ | **तुषारो** | **वन डढेलो** | **मिचाहा प्रजाती** | **मिचाहा प्रजाती** | **वन्यजन्तुको प्रकोप** | |
| दशौ | **मिचाहा प्रजाती** | **तुषारो** | **असीना** | | **मिचाहा प्रजाती** | |
| एघारौ | **हावाहुरी** | **मिचाहा प्रजाती** | | | **तुषारो** | |
| बाह्रौ | | **असीना** | | | **असीना** | |
| तेह्रौ | | | | | **हावाहुरी** | |

### ४.२.८ वडा जोखिम स्तरीकरण

खार्पूनाथ गाँउपालिका भित्र रहेका ५ वटै वडाहरु जलवायुजन्य प्रकोप तथा जोखिमको कुन स्तरमा रहेको छ भनेर निर्धारण गरिएको छ । वडाभित्र घटेका जलवायु जन्य प्रकोपको बारम्बारता, प्रकोपले ल्याएको असर, असरसँगको सम्मुखता, प्रकोपबाट अनुकुलित हुन सक्ने क्षमता, सडक तथा स्वास्थ्य लगायतका पूर्वाधारको पहुँच तथा तालिम प्राप्त जनशक्ति तथा मानवीय संसाधनको अवस्थालाई आधार बनाएर वडा जोखिमको जोडागत स्तरीकरण गरिएको छ ।

| | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | प्राथमीकीकरण |
|---|---|---|---|---|---|---|
| वडा नं. १ | | वडा नं. २ | वडा नं. १ | वडा नं. ४ | वडा नं. ५ | चौथो |
| वडा नं. २ | | | वडा नं. २ | वडा नं. २ | वडा नं. २ | पहिलो |
| वडा नं. ३ | | | | वडा नं. ४ | वडा नं. ५ | पाँचौ |
| वडा नं. ४ | | | | | वडा नं. ५ | तेस्रो |



कर्ण बहादुर रावल
अध्यक्ष

| वडा नं. ५ | | | | | | दोस्रो |
|---|---|---|---|---|---|---|
| जम्मा | १ | ४ | ० | २ | ३ | |

तुलनात्मक रुपमा अन्य वडाहरु भन्दा वडा नं. २ पहिरो, ढुङ्गा खस्ने जोखिम बढि रहेको र गाँउपालिका, बाटो, बिजुली, शिक्षाको पहुँच बाट टाढा भएकाले यो वडा सबैभन्दा संकटासन्न रहेको जोडागत स्तरीकरण बाट आएको छ । त्यसैगरी वडा नं. ५ दोस्रो, वडा नं. ४ तेस्रो, वडा नं. १ चौथो र वडा नं. ३ पाँचौ जोखिममा रहेको ।

घरधुरी संकटासन्नताको विश्लेषण गर्दा देहाय बमोजिमको सुचकहरुलाई आधार मानीएको छ :

**क) अतिउच्च जोखिम** : प्रकोप तथा जोखिमको असरबाट प्रत्यक्ष प्रभावितमा परेको, प्राकृतिक, सामाजिक, आर्थिक, राजनैतिक, मानविय सम्पत्तिमा अति नै कमजोर रहेको, ३ महिना मात्र आफ्नो जग्गाको आमदानीले खाना पुग्ने, तथा कुनै जोखिम तथा प्रकोप आएमा आफ्नो पहलमा अनुकूलन तथा न्यूनीकरण लागि गर्न नसक्ने अवस्था रहेको, शारिरिक रुपमा फरक क्षमता भएको, वसाई तथा जग्गाजमिन खोला नदिको किनारमा भएको ।

**ख) उच्च जोखिम :** प्रकोप तथा जोखिमको असरबाट प्रत्यक्ष प्रभावितमा परेको, प्राकृतिक, सामाजिक, आर्थिक, राजनैतिक, मानविय सम्पत्तिमा अति नै कमजोर रहेको, ६ महिना मात्र आफ्नो जग्गाको आमदानीले खाना पुग्ने, तथा कुनै जोखिम तथा प्रकोप आएमा आफ्नो पहलमा अनुकूलन तथा न्यूनीकरण लागि गर्न नसक्ने अवस्था रहेको, वसाई तथा जग्गाजमिन खोला नदिको किनारमा भएको ।

**ग) मध्यम जोखिम :**प्रकोप तथा जोखिमको असरबाट प्रत्यक्ष प्रभावितमा परेको, प्राकृतिक, सामाजिक, आर्थिक, राजनैतिक, मानविय सम्पत्तिमा ठिक ठिकै रुपमा पहुँच रहेको, ९ महिना मात्र आफ्नो जग्गाको आमदानीले खाना पुग्ने, तथा कुनै जोखिम तथा प्रकोप आएमा आफ्नो पहलमा अनुकूलन तथा न्यूनीकरण केहि गर्न सक्ने अवस्था रहेको ।

**घ) न्यून जोखिम** : प्रकोप तथा जोखिमको असरबाट प्रत्येक्ष प्रभावितमा परेको, प्राकृतिक, सामाजिक, आर्थिक, राजनैतिक, मानविय सम्पत्तिमा ठिकै रहेको, वर्ष भरि आफ्नो जग्गाको आमदानीले खाना पुग्ने, तथा कुनै जोखिम तथा प्रकोप आएमा आफ्नो पहलमा अनुकूलन तथा न्यूनीकरण गर्न सक्ने अवस्था रहेको ।

### ४.२.९ प्रकोप तथा जोखिम विश्लेषण

समग्र गाँउपालीकाको प्रकोपको प्रथमिकिकरण भन्दा वडाहरुमा भिन्न किसिमको प्राथमिकता तथा प्रभाव समेत हुन सक्छ भन्ने मान्यताका आधारमा निम्न तालिकाहरुमा ५ वटा वडाहरुमा रहेको प्रकोपको प्रभाव, प्रकोपको प्रभावित क्षेत्रहरु विश्लेषण गर्नुका साथै भविष्यमा प्रकोप हुन सक्ने जोखिम र प्रकोपले पार्न सक्ने जोखिमको विश्लेषण गरिएको थियो । यो विधि प्रयोग गर्दा प्रभावको स्तर, प्रकोप हुन सक्ने जोखिम र प्रभाव पार्न सक्ने जोखिमहरुको स्तर लाई १ देखी ४ अंक भार दिई विश्लेषण गरिएको थियो जसमा १ भन्नाले न्यून प्रभाव तथा प्रयास र ३ भन्नाले सबैभन्दा उच्च प्रभाव तथा प्रयास भन्ने बुझिन्छ । यसरी प्रभावको स्तर, प्रकोप हुन सक्ने जोखिम र प्रभाव पार्न सक्ने जोखिमहरुको अंक भारलाई गुणाकं गरी प्रकोपको जोखिमको स्तर तय गरिएको थियो ।

**तालिका न 12 प्रकोपको अवस्था तथा जोखिम विश्लेषण**

| प्रकोप | असर तथा प्रभावहरु | असरको गम्भिरता | प्रकोप हुनसक्ने सम्भावना | असरको सम्भावना | कुल अंक |
|---|---|---|---|---|---|
| **पहिरो** | मानिसको मृत्यु | 3 | 3 | 2 | 18 |
| | जमिन भासिएको | 3 | | 3 | 27 |
| | खेतीयोग्य जमिन पुरेको | 3 | | 3 | 27 |
| | वनजंगलमा क्षति | 2 | | 3 | 18 |
| | सडक, बाटोघाटो पुर्ने र भत्काउने | 3 | | 2 | 18 |
| | सिंचाई कुलो पुर्ने | 3 | | 3 | 27 |
| | चरण क्षेत्र कटानी र भू-क्षय | 3 | | 3 | 27 |
| | खानेपानीको टयाङ्की पाइप बगाउने | 3 | | 2 | 18 |



कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | खेतीयोग्य जमिन बगाउने र पुर्ने | 3 | | 3 | 27 |
| **बाढी** | खेतियोग्य जमिन कटान र बगाउने | 3 | 3 | 3 | 27 |
| | बालीनाली डुबान | 3 | | 3 | 27 |
| | माइक्रो हाइड्रो क्षति | 2 | | 3 | 18 |
| | पशुचौपाया बगाएको | 2 | | 2 | 12 |
| | मानिस घाइते भएको र मानिसको मृत्यु | 3 | | 3 | 27 |
| | घर बस्ती जोखिम बढ्ने | 3 | | 3 | 27 |
| | सिंचाई कुलो भत्काउने तथा पुर्ने | 2 | | 3 | 18 |
| | उर्बर शक्ति भएको माटो बगाउने | 2 | | 3 | 18 |
| | सडक तथा बाटोघाटोमा क्षति | 2 | | 3 | 18 |
| | चरिचरण क्षेत्रमा असर | 1 | | 1 | 3 |
| | खानेपानीको मुहान बगाउने | 3 | | 3 | 27 |
| | घरहरुमा हिलो भेल पसेको | 3 | | 2 | 18 |
| | खानेपानीको पाइप बगाएको | 2 | | 2 | 12 |
| | पिसानी घट्ट बगाएको | 3 | | 3 | 27 |
| | काठेपुल तथा झोलुगे पुल बगाएको | 3 | | 3 | 27 |
| **हावाहुरी** | व्यक्तिगत भवनका छाना उडाउने | 2 | 2 | 1 | 4 |
| | सामुदायिक भवनको छानो उडाउने | 3 | | 2 | 12 |
| | स्याउ, ओखर, चुली आदिको फुल झारेको | 2 | | 3 | 12 |
| | वनजंगलको रुखबिरुवा भाँचेको | 2 | | 2 | 8 |
| | बालीनाली नष्ट भएको | 3 | | 3 | 18 |
| | उत्पादनमा कमी भएको | 2 | | 3 | 12 |
| **मानिसमा रोग** | मानिसको मृत्यु | 3 | 2 | 2 | 12 |
| | गाउँ नै बिरामी परेको | 3 | | 2 | 12 |
| | स्वास्थ्य खर्च बढेको | 3 | | 2 | 12 |
| **खडेरी** | वनजंगल सुकेको (सल्लाको पात सुकेको) | 2 | 3 | 2 | 12 |
| | अन्नबाली उत्पादनमा कमी | 3 | | 3 | 27 |
| | भोकमरी | 3 | | 3 | 27 |
| | बालि लगाउन नपाएको | 3 | | 3 | 27 |
| | कृषिमा किराको प्रकोपमा वृद्धि | 3 | | 3 | 27 |
| | बालीनाली सुकेको | 3 | | 3 | 27 |
| | सिंचाइको पानी कमी | 2 | | 3 | 18 |
| | पानीको मूल सुकेको | 3 | | 3 | 27 |
| | खानेपानीको अभाव भएको | 3 | | 3 | 27 |
| | वन्यजन्तु र जडिबुटी पाउन छाडेको | 3 | | 3 | 27 |
| **असिनापात** | फलफूलको फुल झारेको | 3 | 2 | 2 | 12 |
| | अन्नबालीमा क्षति गरेको | 3 | | 3 | 18 |
| | वन्यजन्तु तथा पशुपक्षि मरेको | 2 | | 2 | 8 |
| **आगलागी र डढेलो** | वनजंगल विनास भएको | 3 | 2 | 2 | 12 |
| | वन्यजन्तु मरेको र वासस्थान विनास | 3 | | 2 | 12 |
| | खानेपानीको पाइप डढेको | 2 | | 2 | 8 |



कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | चरिचरण क्षेत्र विनाश | 2 | | 2 | 8 |
| | बस्तीमा आगलागि तथा मानिस घाइते भएको | 2 | | 1 | 4 |
| **पशु र कृषिमा रोगकिरार महामारी** | घरपालुवा पशुचौपाया नस्ट | 3 | 2 | 2 | 12 |
| | खाद्यान्न उत्पादनमा कमी | 3 | | 3 | 18 |
| | भोकमरी | 3 | | 2 | 12 |
| | आर्थिक नोक्सानी | 3 | | 2 | 12 |
| | मान्छेमा संक्रामक रोग सरेको | 1 | | 1 | 2 |
| | पशुचौपायामा रोग लाग्ने | 3 | | 2 | 12 |

### ४.२.१० जोखिमको अवस्था तथा अनुकूलनका प्रयास विश्लेषण

यस विधिको प्रयोगबाट जोखिमको प्रभाव, प्रभावको मुख्य क्षेत्र विश्लेषण गर्नुका साथै जोखिमसँग जुध्नका लागि गरिने अनुकूलनका प्रयासहरुको विश्लेषण गरिएको थियो । यो विधि प्रयोग गर्दा प्रभावको स्तर र अनुकूलनका प्रयासहरुको स्तर दुबैलाई १ देखी ३ अंक भार दिई विश्लेषण गरिएको थियो जसमा १ भन्नाले न्यून प्रभाव तथा प्रयास र ३ भन्नाले सबैभन्दा उच्च प्रभाव तथा प्रयास भन्ने बुझिन्छ ।



कर्ण बहादुर रावल
अध्यक्ष

तालिका न 13 जोखिमको अवस्था तथा अनुकूलनका प्रयास विश्लेषण

| क्र.सं. | जोखिम तथा प्रकोप | प्रभावको मुख्य क्षेत्र | प्रभावहरु | स्तर | अनुकूलनका प्रयासहरु | स्तर |
|---|---|---|---|---|---|---|
| **1** | पहिरो | कृषि तथा खाद्य सुरक्षा,स्वास्थ्य, भौतिक पुर्वाधार, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा | सानो सानो हुँदै पहिरोले ठुलो रुप लिएको, उत्पादनयोग्य जमिन कटानी गर्दै गएको, अन्नबाली नष्ट गरेको, उर्बर माटो बगाइ लगेको , पहिरोले बेसीमा भएका खेतमा थेग्रान जम्मा गरेको, पहिरोले बाटो र बस्तीका घर पनि बगाउन सक्ने अवस्था आएको, तल्लो भेगका बस्ती पुरीन सक्ने र माथिल्लो भेगका बस्ती झर्न सक्ने संभावना बढेको, पहिरोले वस्तिहरु भासिएको, तटबन्धनहरु भत्काएको | 3 | पहिरो नियन्त्रणका लागि ग्याबियन पर्खाल निर्माण गरिएको भएपनि प्रर्यापत नभएको, वृक्षारोपण गरिएको, पहिरो क्षेत्रमा भएका घरहरु विस्थापित भई अन्यत्र बसाईसराई गरिएको | 1 |
| **2** | बाढी | कृषि तथा खाद्य सुरक्षा,स्वास्थ्य, भौतिक पुर्वाधार, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा | बाढीले खोला तथा तटिय क्षेत्रको कृषि योग्य जमिन कटान तथा पटान गर्ने, भौतिक संरचनाहरुमा क्षति गर्ने गरेको, बाढीले घरखेत नै बगाउने गरेको, मानिस पशुपंक्षी तथा धनजनको क्षति गराउने गरेको | 3 | बाढी नियन्त्रणका लागि तटबन्धन निर्माण गरिए पनि खासै काम नगरेको | 1 |
| **3** | खडेरी | कृषि तथा खाद्य सुरक्षा,स्वास्थ्य, भौतिक पुर्वाधार, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा | खडेरीका कारण पानीका मुलहरु सुकेको, बालीमा नया नया रोगहरुको प्रकोप बढेको, विधुत उत्पादन घटेको, वनजंगलहरुमा धेरै सुख्खापन बढी आगलागीका घटनाहरु बढेको, खानेपानीको अभावका साथै दैनिक जीवनका लागी आवश्यक घाँस, दाउराको कमी भएको, खानेपानी र सिँचाइको पर्याप्त सुविधा नभएको ठाँउमा खेतीपाती गर्न कठिनाई भई उत्पादनमा कमी आएको, ज्यादा सुख्खा भइ भुक्षय भएका र अन्न उब्जनी कम अनि पर्याप्त अनाजको उब्जाउ नभएको, सिंचाई कुलोमा पानीको उपलब्धतामा कमि आएको हरियो घासको अभाब, चरण क्षेत्र घटेको | 3 | अन्य मुलहरुबाट खानेपानीको आवश्यकता पुर्त गरेको, मुल संरक्षणका कार्यहरु गरेको, टनेल तथा थोपा सिचाई बाट तरकारी खेति उत्पादन गर्न सुरुवात गरिएको | 1 |
| **4** | हावाहुरी | कृषि तथा खाद्य सुरक्षा,स्वास्थ्य, भौतिक पुर्वाधार, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा | मकै, धानका बोटहरु ढालिदिने र उत्यादनमा ह्रास आउने, घर गोठ, विद्यालयहरु छानाको उडाएको, पठनपाठन बन्द भएको, आरन, घट्टको छानाको उडाएको, फलफुलको बोटहरु भाँचिदिएको | 2 | टनेलमा खेति गर्न सुरुवात गरिएपनि पर्याप्त नभएको, घरको छानामा ढुगां तथा तारले बाधीएको | 1 |



कर्ण बहादुर रावल
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **5** | असिना | कृषि तथा खाद्य सुरक्षा,स्वास्थ्य, भौतिक पुर्वाधार, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा | खाद्यबाली, नगदेबालीको क्षति हुने, खाद्यान्नको उत्पादनमा र गुणस्तरमा ह्रास, कहिलेकाहीं बिउको लागि पनि जोगाउन नसकेको दृष्टान्त, पशु चौपायामा क्षति, तरकारी खेतीमा उच्च प्रभाव, उर्जाशिल जनशक्ति पलायन बाहिरी स्रोतबाट खाद्यान्नको आपुर्ति बढ्ने, मनोविज्ञानमा असर पर्ने, खाद्य संकट, कुपोषण हुने | 3 | टनेलमा खेति गर्न सुरुवात गरिएपनि पर्याप्त नभएको र थप अनुकूलनका कार्यहरु गर्न नसकिएको | 1 |
